# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव विकासको पहिलो चरण अर्थात गर्भावस्थामा भएको आकार भन्दा ११ लाख गुणा वृद्धि पश्चात ९ महिना १० दिनमा यस पृथ्वीमा अवतरण भएको व्यक्ति असहाय, असामाजिक, अमूक, सत्रुमित्रु रहित, सामाजिक रीतिरिवाजबारे अनविज्ञ, सामाजिक मूल्य मान्यता र आदर्शप्रति असचेत र एक पशुसमान प्राणीको रुपमा रहेको मानवलाई आदर्शवान, वौद्धिक, समाजिक एवं मानविय गुणहरुले समपन्न गराउन सक्षम बनाउने माध्यम नै शिक्षा हो । यो शिक्षाको सुरुवात मानव विकासको प्रारम्भबाट भएको ऐतिहासिक पृष्ठभूमि रहेको छ । मानव विकासको उन्नती र प्रगतिका लागि शिक्षा नै एक शसक्त र अपरिहार्य साधनको रुपमा रहेको छ । शिक्षा प्रणाली र शैक्षिक कार्यक्रमलाई सफल पार्न र सिकाई प्रक्रियालाई प्रभावकारी बनाउनको लागि सरकारले विद्यालयको व्यवस्थापन पक्ष र शैक्षिक योजनाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

नेपालको शिक्षा विकासको इतिहास हेर्ने हो भने वि.सं १९०३ मा जंगबहादुर राणाले कोतपर्व हत्याकाण्ड मार्फत नेपालको शासनसत्ता हत्याय पश्चात जहानिया राणा शासनको अभ्यूदय भएको पश्चात वि.स. १९१० असोज २७ मा नेपालमा पहिलो विद्यालय दरवार स्कूल थापाथलीको दरवारको भूइतलामा अंग्रेजी पाठशालाको स्थापना गरेका थिए (सिंह, २०६६) ।

यसरी सुरु भएको विद्यालयको शिक्षाको विकासक्रम २००७ भन्दा अगाडि दरवार हाइस्कुल र पाटन हाइस्कुल मात्र स्थापना भएको थियो । वि.सं. १९९० साल कार्तिक १६ गते नेपालमा एस.एल.सी. बोर्डको स्थापना भए पछि नेपाल अध्ययन गर्ने विद्यार्थीहरुले नेपाललबाट नै एस.एल.सी दिन पाउने व्यवस्था  भएको थियो । वि.स. १९९६ मा नेपालको शैक्षिक व्यवस्थालाई व्यवस्थित ढंगले विकास गर्नको लागि शिक्षाको इस्तिहार जारि भएको थियो उक्त इस्तिहारले विद्यालय तह र पढाइ हुने विषयको समय अवधि तोकिएको छ, (निरौला, गौतम, २०६२) ।

वि.सं. २००७  सालको प्रजातन्त्रिक व्यवस्था पश्चात नेपालको राजनैतिक परिवर्तनसंगै शिक्षा विकासमा द्रुतत र गति ल्याउन र स्वतन्त्रपछिको नेपाली जनताहरुको शिक्षाको अत्याधिक चाहनाको प्रतिफल स्वरुप च्याउ सरह स्थापना भएका विद्यालयको

उचित व्यवस्थापन, उद्देश्यहरुको किटान योजनाबद्ध गर्नको लागि विभिन्न योजना आयोगहरुको स्थापना भए । विभिनन शिक्षा समिति एवं परिषदहरुको सुझाव र सल्लाह अनुसार शिक्षालाई व्यवस्थित गर्न योजना तर्जुमा गर्ने कार्य समेत भएको पाइन्छ । शिक्षामा आमूल परिवर्तन गर्न देखा परेका समस्याहरुको समाधान गर्न बनिएका आयोगहरुको असफलता एवं अपूर्ण भएको परिप्रेक्ष्यमा वि.सं.२०२८ मा राष्ट्रिय शिक्षा पद्धतिको योजना अगाडि देखा परेको थियो । यस योजनाले शिक्षाका राष्ट्रिय र तहगत उद्देश्यहरु निर्धारण गरि पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामाग्रीहरुको निर्माण, शिक्षाको संरचनामा हेरफेर, शिक्षाको प्रशासनिक संगठन र निरीक्षण प्रणालीमा सुधार, शिक्षक तालिम र सेवा सुरक्षा जस्ता पक्षहरुमा उल्लेखिनिय योजवनाहरु प्रस्तुत गरयो (शर्मा एण्ड शर्मा, २०६१) ।

निश्चित उद्देश्य प्राप्त गर्नका लागि कक्षाकोठा भित्र शिक्षक र विद्यार्थीहरु वीच हुने अन्तरक्रियाबाट प्राप्त हुने अनुभव शिक्षण हो । शिक्षण सिकाई क्रियाकलापमा शिक्षक विद्यार्थी विद्यालयमा प्राप्त सुविधाहरु कक्षाकोठा व्यवस्थापन, शैक्षिक समाग्रीको व्यवस्थापन आदिले प्रत्यक्ष प्रभाव पार्दछ । विषयवस्तुको प्रवृत्ति अनुरुप सिकारुको रुचि र क्षमताको आधारमा पाठको उद्देश्यहरु अनुरुप शैक्षिक सामग्रीको व्यवस्थापन र प्रयोग शैक्षिक उद्देशयहरुको प्राप्तीका लागि उचित तवरको शैक्षिक योजनाको आवश्यकता पर्दछ (काफ्ले, दाहाल, २०६६) ।

शिक्षा प्रणालीको सवैभन्दा सक्रिय व्यवहारिक र पाठ्यक्रम, विषयवस्तु, शिक्षक, विद्यार्थी भौतिक तथा मानविय स्रोतहरुलाई एकै ठाउँमा ल्याई प्रशोधन गर्ने प्रयोगशाला नै शिक्षण कार्य हो (आचार्य, भट्टराई, २०६६) ।

कक्षाकोठामा भौतिक अवस्था तथा भौतिक सामग्रीको उचित व्यवस्थापन भएको खण्डमा मात्र पनि शिक्षण सिकाइ प्रभावकारी नहुन सक्छ । सहि ढंगले संयोजन र परिचालन गरि शिक्षण कार्य सम्पन्न गर्न योजनाको मर्मलाई पनि आत्मसाथ गर्नु अपरिहार्य छ । कुनै कार्यक्रमको लक्ष्यित उपलब्धीलाई कार्यान्वयनमा उर्तानको लागि तयार पारिएको ढाँचा नै योजना हो । योजनाले कुनैपनि कामलाई नियमित र व्यवस्थित रुपमा संचालन गर्नमा मद्दत पुऱ्याउदछ । मानिसले कुनैपनि कामको थालनी गर्नु अगाडि आफ्नो पूर्व अनुभव, उपलब्ध साधन स्रोतको परिचालन र अनुगमनको व्यवस्था गर्नु नै योजना हो । योजनाले व्यक्तिलाई आफूले गर्न खोजेको क्रियाकलापलाई समयवद्ध ढंगले परिचालन भई एवं सक्रियता पूर्वक संचालन गरेर आफू सन्तुष्ट हुन सक्दछ । जुन व्यक्ति योजनाद्ध ढंगले

आफूलाई परिचालन गर्न सक्षम बन्दछ त्यो व्यक्ति जीवनमा सफल जीवन वाच्न सक्छ (वाग्ले र अन्य, २०६३) ।

यसरी शैक्षिक विकासका निम्ति बनाइने विभिन्न योजनाहरु मध्ये विद्यालयले संचालन गर्ने शैक्षिक क्रियाकलाप सम्बन्धि योजनालाई शैक्षणिक योजना भनिन्छ । विद्यालयमा प्रधानाध्यापक, शिक्षकहरु, अभिभावकहरु तथा विद्यार्थीहरुद्वारा संचालन गरिने शिक्षण सम्बन्धि कार्यक्रमलाई शैक्षणिक योजना हो । अर्थात एक शैक्षिक सत्र भित्रका सम्पूर्ण शैक्षिक क्रियाकलापहरुलाई त्रैमासिक, मासिक एवं दैनिक रुपमा विभाजन गरि विद्यार्थीहरुका शैक्षिक उपलब्धि हासिल गर्नका लागि नियमित रुपमा विद्यालय भित्र वा बाहारी संचालन गरिने प्रस्तावित कार्यक्रमलाई शैक्षणिक योजना भनिन्छ  (वाग्ले र अन्य, २०६३) ।

तालिमको आवश्यकता भनेको कुनैपनि व्यक्तिलाई उस्ले सम्पादन गर्नुपर्ने कार्यका लागी आवश्यक ज्ञान, सीप, अभिवृद्धि छुट्याउनु हो । व्यक्तिमा हुनपर्ने ज्ञान, सीप, क्षमता र भएका ज्ञान, सीप र क्षमतको वीचको फरक हो । कुनै पनि पेशाका लागी पेशागत दक्षता अपरीहार्य आवश्यकता हो । त्यसैले शिक्षण पनि एक पेशा भएकाले यो कार्य सफलतापूर्वक सम्पन्न गर्नका लागि पेशागत क्षमता आवश्यक हुन्छ । त्यसैले सफल शिक्षक वन्नका लागि तालिम अपरिहार्य मानिन्छ । शिक्षक तालिमले शिक्षण पेशालाई मर्यादित बनाउने, मनोवल बढाउने, क्षमता ह्रास हुनबाट जोगाउने, कार्य शैलिमा प्रभावकारिता ल्याउने वैयक्तिक उन्ननी गराउन, ज्ञान, सीपको अभिवृद्धि गरि धारणामा परिवर्तन ल्याउने, सिकाईका उद्देश्य पुरा गर्नमा सहयोग पुऱ्याउने भएको तालिमको महत्वपूर्ण स्थान रहेको छ (पन्त र अन्य, २०६७) ।

शिक्षक तालिमलाई राष्ट्रका सवै ठाउमा पुऱ्याउनका लागि दुर्गम क्षेत्रका शिक्षकहरु समेत लाई तालिम प्राप्त गराउनका लागि तत्कालिन सरकारले २०३७ साल भाद्र ४ गते देखि रेडियो शिक्षक तालिमको व्यवस्था मिलाइएको थियो । १० महिने सेवाकालिनमा पहिलो आधारभूत चरण २.५ महिने, दोस्रो चरण ५ महिने र तेस्रो चरण २.५ महिने दिने व्यवस्था छ । हाल प्राथमिक शिक्षक सेवा कालिन तालिम NCED Module/ Distance Education Module मा गर्न सकिने छ । १० महिने पूर्व सेवाकालिन, प्राथमिक शिक्षक तालिम १ महिना विद्यालय व्यवस्थापन तालिम, पुनरताजकि तालिम एवं मागमा आधारित तालिम कार्यक्रमहरु कार्यान्यन भै रहेका छन् ।

शिक्षकहरुमा रहेको योग्यता एवम् क्षमतालाई समयसापेक्ष रुपमा नवीकरण, सबलीकरण एवम् अद्यावधिक गर्दै कक्षाकोठाको शिक्षणमा तात्विक परिवर्तन ल्याई विद्यार्थीको उपलब्धि स्तरमा स्पष्ट सुधार ल्याउनु सक्षम शिक्षा प्रणालीको अनिवार्य सर्त हो । यस तथ्यलाई दृष्टिगत गरी शिक्षकहरु आफैँले आफ्नो आत्ममूल्याङ्कन गर्ने, कक्षाकोठा तथा शिक्षण जीवनमा आवश्यक ज्ञानसीपमा पहुँच हासिल गर्ने, नियमित स्वाध्ययन र पठन संस्कृति विकास गरी अर्थपूर्ण अभ्यासका सरिक हुने जस्ता विधिहरु मार्फत निरन्तर पेसागत विकास गर्ने प्रचलन विश्वव्यापी रुपमा रहिआएको छ । यही कुरालाई ध्यानमा राखी शिक्षा क्षेत्रमा अग्रगामी सुधार गर्ने उद्देश्यले आ.व. २०६६/०६७ देखि कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र सुधार कार्यक्रम (SSRP) ले शिक्षकको पेसागत विकास (TPD) का लागि नीतिगत एवम् योजनागत व्यवस्था निर्दिष्ट गरेको छ । यस कार्यक्रमको शिक्षक विकास सम्बन्धि प्रावधाननुसार सम्पूर्ण सामुदायिक विद्यालयमा कार्यरत सबै प्रकारका शिक्षँकहरुले सेवाकालीन रुपमा सञ्चालन हुने एक महिनासम्मको पेसागत विकास गतिविधिमा पहुँच हासिल गर्न पाउने र त्यसको उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आवद्ध गर्ने व्यवस्था छ (शै.ज.वि. के, २०६६) ।

शिक्षक शिक्षा तथा तालिमलाई व्यवस्थित गर्न नेपाल सरकारले तालिम नीति २०६४ समेत जारी गरेको र त्यसले मूलत तालिमको व्यापकता गुणस्तर, समावेशी तालिम पाठ्यक्रम, पूर्वसेवाकालिन तथा सेवाकालिन तालिम जस्ता कार्यक्रमलाई जोड दिइ हाल शिक्षकहरुलाई TPD (शिक्षकको क्षमता अभिवृद्धिका लागि पेशागत तालिम दिइदै आएको छ । टिपीडि तालिम प्रत्येक शिक्षकले ३ वर्ष भित्रमा ३० दिनको लिनुपर्ने छ । यस अर्न्तगत पहिलो चरण वा पहिलो वर्षमा १० दिन विनियोजन गरिएको छ । उक्त १० दिन मध्ये ५ दिन प्रत्यक्ष रोष्टर प्रशिक्षक र प्रशिक्षार्थी विच आमने सामने भएर तालिम  आदन प्रदान गरिने ३ दिन विद्यालयमा टिपीडि तालिम प्राप्त शिक्षकले परियोजना कार्य र शिक्षक सुधार योजना (TIP) निर्माण गर्नुपर्ने त्यसको अलवा Action research वा Case study वा Student ruselt analysas वा review या reletated literature मध्ये कुनै एकको निर्माण निर्धारित ३ दिनको स्व अध्ययन अभ्यासमा गरिनु पर्नेछ । बाँकी २ दिन सहभागिले हासिल गर्ने सिकाईउपलब्धिको बारेमा शैक्षिक परामर्श कार्यसञ्चालन हुने छ । यस अन्तर्गत प्रत्येक सहभागि शिक्षकले सम्पन्न गरेको स्वअध्ययन अभ्यास अन्तर्गतका ३ वटै प्रोजेक्ट कार्यको प्रतिवेदन संकलन गर्ने, विद्यालयको समग्र संचालन प्रकृया एवं शैक्षिक गतिविधि अवलोकन

गरि सुधारका पक्षहरु र सहभागि शिक्षकको कम्तिमा एउटा कक्षा अवलोकन गर्ने र सुधारका पक्षहरु नोट गर्ने कार्य स्रोतव्यक्ति र रोष्टर प्रशिक्षकबाट शैक्षिक परामर्श काय हुन्छ। टिपिडी कार्यक्रम अन्तर्गत प्रशिक्षार्थी शिक्षकहरुले शिक्षण सुधार योजना (TIP) निर्माण गरि कार्यान्वयन गर्न विशेष प्राथमिकताका साथ अगाडि वढाइएको छ।

निश्चित अवधिका लागि मौजुदा अवस्था सुधार गर्न लक्ष्य किटान गरी नतिजा सुचक र समयसीमामा आधारित भएर बनाइने योजनानै शिक्षण सुधार योजना हो (शै.ज.वि.के., २०६६)।

यो योजनाबाट मौजुदा रहेको सिकाई उपलब्धि दरमा प्रगति हुने अपेक्षाका साथ कार्यान्वयनका लागि आवश्यक क्रियाकलाप, सामग्रीको विधि, अवधि आदिको व्यवस्था गरिएको छन्।

टिपिडीमा सहभागि प्रत्येक शिक्षकले मोड्युलको भाग २ खण्ड अन्तर्गत प्रभावकारी शिक्षण कार्य सम्पादन गर्न सहयोग पुग्ने, मौजुदा अवस्थालाई सकारात्मक परिवर्तन गर्नका लागि आवश्यक सामग्री, क्रियाकलाप, विधिहरुको प्रयोग गरी सिकाई उपलब्धि दरमा वृद्धि गर्नका लागि प्रत्येक छ/छ महिनामा (वैशाख र कार्तिक) शिक्षण सुधार योजना निर्माण गर्नु पर्दछ। TIP को नमूनालाई अनुसूचि ३ मा समावेश गरिएको छ।

अध्ययनको क्रममा हासिल हुने अपेक्षित विशिष्ट ज्ञान, सीप र अभिवृत्ति तथा प्रत्येक कक्षाको अन्त्यमा उक्त कक्षा पूरा गरिसकेपछि बालबालिकाले हासिल गर्ने समग्र सीप नै सिकाई उपलब्धि हो (पा.पा.नि.वि.केन्द्र, २०५०)।

विद्यार्थीहरुले शिक्षण क्रियाकलाप पश्चात पाठ्यक्रमले निर्दिष्ट गरेको उद्देश्यहरु (ज्ञान, सीप र अभिवृत्ति) हासिल गर्नु र हासिल गरेका ज्ञान, सीप र अभिवृत्तिहरुले व्यवहारमा परिवर्तन गराउनु नै सिकाई उपलब्धि प्राप्त हुनु हो।

## १.२ समस्याको कथन

विद्यालय तहको शिक्षालाई बढि उद्देश्यमूलक समसामयिक बनाउने क्रममा राष्ट्रिय शिक्षा आयोगले विभिन्न समयमा पाठ्यक्रमको परिमार्जन एवं सुधार, पाठ्यपुस्तक, शिक्षक तालिम, शिक्षण सामग्रीहरु प्रदान गर्दै आइरहेको अवस्था छैन। आज शिक्षको गुणस्तर अभिवृद्धि गर्न विद्यार्थीहरुलाई नियमितता गराउनको लागि छात्रावृत्तिको व्यवस्था, पाठ्यपुस्तकहरुको निःशुल्क वितरण, विद्यालयको भौतिक अवस्थामा सुधार जस्ता कार्यहरु

समेत समय समयमा भइरहेको छ तथापि राष्ट्रले अपेक्षा गरेको जस्तो उपलब्धि हासिल नसकेको यथार्थ विदितै छ ।

विद्यालयको भौतिक, शैक्षिक, समाजिक, आर्थिक, पाक्षिक व्यवस्थापनको अभावले नेपालको कतिपय ग्रामिण एवं शहरोन्मुख क्षेत्रहरुको विद्यालयहरुमा शैक्षणिक योजनाको निर्माण र कार्यान्वयन नभइरहेको अवस्था रहेको छ । विश्वमा भएको विकसित र विकासशील वा विकासोन्मुख देश विचमा आर्थिक अवस्था, सामाजिक अवस्था शैक्षिक अवस्था, योजना निर्माण र प्रयोग गर्ने तौर तरिका, मानिसका जीवनस्तर आदिमा धेरै अन्तर पाइन्छ । धेरै मुलुकले विकासको मूल आधार शिक्षालाई बनाएको छ । जापानको विकास पनि शिक्षा र विकास प्रतिवद्धताको परिमाण हो (काफ्ले र अन्य, २०६०) ।

शिक्षाको योजनावद्ध विकास गर्न तथा शैक्षिक गुणस्तरमा अभिवृद्धि गर्नका लागि वि.सं. २००७ साल पश्चात जतिपनि आयोग गठन भइ शिक्षाको पहुँच घरघरमा पुऱ्याउने सुझाव दिए र जुन रुपा त्यसको कार्यान्वयन भयो त्यसबाट सन्तोषजनक रुपमा अपेक्षित उपलब्धि हासिल भएको पाइएन । वर्तमान समयको परिप्रेक्ष्यमा पनि शिक्षाको पुहुँच अभिवृद्धि गर्न विद्यालय र समुदाय बीच अन्योन्याश्रित सम्बन्ध रहेको हुनुपर्दछ । तर कतिपय विद्यालयहरुमा सम्बन्ध अभिन्न नहुनुका साथै विद्यालयमा गरिने कतिपय कार्यहरुको योजना निर्माण भएको पाइदैन । त्यसता योजनाहरुमा शिक्षकले निर्माण गर्ने बार्षिक कार्य योजना एकाई योजना र दैनिक पाठ्ययोजना समेत बनाएको पाइदैन । त्यसको अलवा शिक्षकले विद्यार्थीहरुको सिकाई उपलब्धीमा विकास गराउन बनाइने शिक्षण सुधार योजना समेत निर्माण भएको पाइदैन । निर्माण भएको अवस्थमा पनि त्यस्को उचित कार्यान्वयनको अभावमा विद्यार्थीको सिकाइ उपलब्धिमा प्रगति भएको पाइदैन ।

नेपालको सामुदायिक विद्यालयका शिक्षकहरुलाई पूनर्ताजगी एवं सेवाकालीन तालिम उपलब्ध गराउँदै आइरहेको परिप्रेक्ष्यमा त्यस्ता तालिमप्राप्त शिक्षकहरु विद्यालयमा फर्किएपश्चात आफूले पाएको ज्ञान, सीपलाई कक्षा शिक्षणमा प्रयोग गरेको नपाइएको अवस्था र टिपिडी पश्चात शिक्षकले विद्यलायमा स्वाध्ययन खण्ड अन्तर्गतग TIP नबनाएको अवस्था, बनाइएको भएतापनि उक्त शिक्षण सुधार योजनाले अपेक्षा गरेको सिकाई उपलब्धिदर हासिल गर्नका लागि आवश्यक क्रियाकलाप नगर्ने अवस्थाबाट विद्यार्थीहरुमा आशातित प्रगति भएको पाइदैन । त्यसरी नै टिपीडी तालिम लिएका सबै शिक्षकहरूले

बनाउने TIP कार्यन्वयनमा समस्या देखा पर्ने सिकाई उपलब्धि दरमा पारेको प्रभाव कस्तो रहेको छ भन्ने अवस्था नै हाल सम्म ओझेलमा परि रहेको अवस्था छ ।

## १.३ अध्ययनको औचित्य

देश विकासको मुख्य आधार गुणस्तरीय शिक्षा प्रदान गर्नु हो । दक्ष शिक्षकले नै प्रभावकारी शिक्षणको माध्यमबाट विद्यार्थीको सर्वाङ्गीण विकास एउटा कारक तत्वको भूमिका निर्वाह गर्न सक्छ, शिक्षा क्षेत्रमा खासगरि शिक्षण पेशामा आवद्ध जो कोही लाई पनि शिक्षक तालिमले गुणस्तरीय शिक्षा प्रदान गर्ने कोशेढुंगा सावित हुनसक्छ ।

कुनै व्यक्तिमा शिक्षकभित्र रहने गुण जमजात रहेको हुन्छ भने धेरै जस्तो व्यक्तिहरुलाई तालिम र प्रशिक्षणबाट योग्य र दक्ष बनाइनु पर्ने भएकोले शिक्षक तालिम अपरिहार्य भएको  पाइन्छ । शिक्षकले शिक्षण गर्नका लागि प्रचलित दर्शन, शिक्षा पद्धति, बालमनोविज्ञान, सामाजिक संरचना र अवस्था, शिक्षणका सिद्धान्तहरु आदिबारे ज्ञान, सीप हासिल गरेको हुनुपर्दछ । विद्यालयमा विभिन्न वातावरणबाट विद्यार्थीहरु आएको हुन्छन् ति सवै विद्यार्थीहरुलाई समान रुपमा व्यवहार गरि प्रभावकारी शिक्षण गर्ने क्षमता र कुशलता शिक्षकमा आवश्यक पर्ने भएकोले तालिम आवश्यक छ । तालिममा प्राप्त गरेको सीप, क्षमतको सफल कार्यान्वयन गर्ने थलो विद्यालय हो । विद्यालयमा उपस्थित भएर तालिमबाट प्राप्त गरेको ज्ञानसीप र धारणालाई सहि र योजनाबद्ध ढंगबाट प्रयोग गरेमा शिक्षण सिकाई कृयाकलाप सफल र प्रभावकारी हुन्छ । गिताको वाणी अनुसार श्रेष्ठ मानिसले जुन जुन आचरण गर्दछ, जसलाई प्रमाण मान्दछ समाजका अन्य मान्छेपनि त्यस्तै आचरण गर्छन, त्यसैलाई प्रमाण मान्दछन् भनेर शिक्षकको आचरण समाजलाई अनुकरणीय वनेको छन् । यस्ता लोकप्रिय व्यक्तित्व शिक्षकले आफ्नो कार्यथलोमा तालिमप्राप्त भइसकेपछिको अध्यापनको अवसरमा देखा परेका समस्याहरुलाई संवोधन गर्नको लागी तालम प्राप्ति पूर्वको विद्यार्थीको सिकाई उपलब्धिमा तालिम पश्चातको सिकाई उपलब्धिमा उल्लेख्य परिवर्तन ल्याउनको लागि शिक्षण सुधार योजनाको निर्माण अपरिहार्य रहेको छ । यो योजनाले विद्यार्थीको तत्कालीन उपलब्धीमा परिवर्तन भई विकास हुनु जरुरी छ ।

शिक्षकहरु शैक्षिक गुणस्तर विकास अभियानको केन्द्रिय भूमिकामा रहेका हुन्छन् । शिक्षाको गुणस्तर विकासमा सक्रिय भूमिका भएका शिक्षकहरुको पेशागत योग्यता एवं कार्यक्षमता अभिवृद्धि गर्ने उद्देश्यले नेपाल सरकार शैक्षिक जनशक्ति विकास केन्द्रबाट

शिक्षकहरुको पेशागत तालिमको व्यवस्था भइरहेको छ । तालिम कक्षभित्र सिकिएको ज्ञान तथा सीपहरुलाई आफ्नो कार्यथलोमा सक्रियताका साथ कार्यान्वयन गराउनको लागि शिक्षण सुधार गर्नको लागि योजनाको महत्वपूर्ण भूमिका रहने कुरामा कसैको दुइमत नहोला । शिक्षा सम्बन्धि कुनैपनि योजना निर्माण गर्दा हालको मौजुदा शिक्षक संख्या र निकट भविष्यमा आवश्यक पर्ने शिक्षकलाई आधार बनाएर नीति निर्माण गरिनुपर्ने, शिक्षा सम्बन्धि नीति निर्माण गर्दा स्पष्ट रुपमा बनाइनु पर्दछ । नेपालमा हाल नीति निर्माण गरि कार्यान्वयनमा आईपुग्दा नपुग्दै त्यो विचैमा सेलाउन पुग्दछ । यसप्रकारको क्षणिक नीतिले गर्दा कुनै पनि योजनाहरु पूरा गर्न सकिदैन ।

यी माथि देखिएका समस्याहरुको निराकरण गरी शैक्षिक विकास गर्नको खातिर प्रस्तुत अध्ययनको परिणामपछि सम्भव हुने ध्येयले यो अध्ययनबाट सहयोग पुऱ्याउने आशा लिएको छ ।

शिक्षकको पेशागत विकास सम्बन्धि तालिम लिएपश्चात प्रत्येक शिक्षकले मौजुदा अवस्थामा सुधार गर्नको लागि निर्माण गरिएको शिक्षण सुधार योजनालाई इमान्दारिताका साथ कार्यन्वयन गर्नको लागि यो अध्ययनले सहयोग पुऱ्याउने विश्वासका साथ यो अध्ययन गरिएको छ साथै TIP ले सिकाई उपलब्धिमा पारेको अवस्था, TIP निर्माण पूर्व र पश्चातको अवस्थाको लेखा जोखा गर्ने अध्ययन कार्य सम्भवत नभई सकेको हुनाले यो अध्ययनको औचित्यतता प्रष्ट पार्न खोजिएको छ ।

शिक्षण सिकाई प्रभावकारी बनाउनको लागि विद्यार्थीहरुको नियमति उपस्थिति, TIP निर्माणमा देखा परेको समस्या कार्यन्वयमा देखिएका कमजोरीहरुको निराकरण गर्न, भौतिक अवस्था, विधी एवं शैक्षिक सामग्रीहरुको उचित व्यवस्थापन गरि सिकाई उपलब्धिको सुधार गर्नको लागि आवश्य निर्देशन एवं सुझावहरु प्रदान गर्न सहयोग पुग्ने अपेक्षाका साथ यो अध्ययन गरिएकोछ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको मूख्य उद्देश्यहरु निम्नानुसार रहेकोछ :

१. शिक्षण सुधार योजना कार्यान्वयनको अवस्था पत्ता लगाउनु ।

२. शिक्षण सुधार योजनाले सिकाई उपलब्धिमा पारेको प्रभावको लेखाजोखा गर्नु ।

३. शिक्षण सुधार योजना कार्यान्वयनमा देखिएका समस्याहरू पहिचान गर्नु ।

४. शिक्षण सुधार योजनालाई प्रभावकारी बनाउने उपयाहरू सुझाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

यो अध्ययन सम्पन्न गर्नको लागि निम्नानुसारको अनुसन्धानात्मक प्रश्नहरु निर्माण गरिने छ ।

१. TPD तालिम प्राप्त गर्ने सबै शिक्षकहरूले बनाएको TIP को अवस्था कस्तो रहेको छ ?

२. TIP निर्माणमा शिक्षकहरूलाई कसकसले सहयोग गरेका छन् ?

३. TIP निर्माण पूर्व र पश्चात विद्यार्थीको सिकाई उपलब्धी दरमा कस्तो प्रभाव परेको छ ?

४.शिक्षण सुधार योजनाले शिक्षण सिकाई प्रक्रियामा के कस्तो प्रभाव पारेको छ ?

५. शिक्षण सुधार योजनाले लक्षित गरेको लक्ष्यहरु प्राप्ति नहुनमा कुन कुन पक्षहरु जिम्मेवार छन् ?

६. शिक्षण सुधार योजनाको कार्यान्वयमा देखा परेको समस्याहरू समाधान गर्नका लागि के के गर्न सकिन्छ ?

## १.६ अध्ययनको परिसीमा

धनकुटता जिल्ला सिधुवा स्रोतकेन्द्रका ३० वटा समुदायिक विद्यालयहरू मध्ये २ मा.वि. १ नि.मा.वि. र १ प्रा.वि.का प्रथामिक तहमा कार्यरत शिक्षकहरूले TPD तालिम लिई TIP निर्माण गरी शिक्षण सिकाई क्रियाकलपा सञ्चालन गर्दा TIP ले सिकाई उपलब्धिमा पारेको प्रभावको अध्ययनमा सिमित रहेको छ । साथै विद्यार्थीको विषयगत उपलब्धिमा परिसिमित गरीएको छ ।

## १.७ अध्ययनमा प्रयोग भएका शब्दावलीको परिभाषा

यसमा अनुसन्धानको क्रममा प्रयोग हुने केहि शब्दहरुका परिभाषाहरु निम्नानुसार छन् ।

| | | |
|---|---|---|
| अनुसन्धानकर्ता | : | सम्बन्धित क्षेत्रमा गएर खोजी गर्ने व्यक्ति |
| प्रभावकारी | : | उपलब्धीमूलक वा व्यवहारिक |
| उद्देश्य | : | अपेक्षित उपलब्धि |
| दक्ष जनशक्ति | : | कुनैपनि विकास गर्नका लागि आवश्यक पर्ने सीप, क्षमता भएका व्यक्तिहरु |
| पहिचान | : | हेर्नु, अवलोकन गर्नु |
| स्तर | : | तह |
| योजना | : | कुनैपनि कार्य गर्नुभन्दा अगाडि सो कार्यको लागि वनाइएको खाका |
| शैक्षणिक | : | शिक्षा सम्बन्धि |
| शिक्षण | : | अध्यापन गर्ने कार्य |
| स्रोत | : | तथ्याङ्क संकलन गर्ने आधार |
| प्रधानाध्यापक | : | विद्यालय प्रमुख, प्रशासक व्यक्ति |
| स्रोतव्यक्ति | : | कुनै विषयमा दक्ष अथवा साधनयुक्त मानिस |
| सिकाई उपलब्धि | : | अध्ययनको क्रममा हासिल हुने अपेक्षित विशिष्ट ज्ञान, सीप र अभिवृत्ति |
| मौजुदा | : | तत्कालीन अवस्था |

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पूनरावलोकन र सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पूनरावलोकन

यस शोध कार्यको लागि यस भन्दा अगाडि यो विषयसँग सम्बन्धित अध्ययन नभएता पनि निम्न लिखित अनुसन्धानात्मक जर्नल र पूर्व शोधपत्रहरूको पुनारावलोकन गरिएको छ ।

शै.ज.वि.के. (२०६६) नेपाल सरकार शिक्षा मन्त्रालय शैक्षिक जनशक्ति विकास केन्द्रद्वारा प्रकाशित शिक्षको पेशागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार सामुदायिक विद्यालयमा स्वीकृत दरबन्दीमा कार्यरत सम्पूर्ण शिक्षकहरू (९८.२%) लाई तालिम प्रदान गरी देशमा प्राज्ञिक र पेशागत दुवै योग्यता प्राप्त शिक्षककहरूद्वारा मात्र शिक्षण प्रदान गरी रहेको अवस्थामा टिपीडी तालिम लिएका शिक्षकहरूले भाग एक खण्ड पुरा गरी आफ्नो विद्यालय फर्कन साथ शिक्षण सुधार योजना -TIP)तयार गरी त्यसै अनुसार प्रभावकारी शिक्षण सम्पादन गर्नु पर्ने, TIP मा लक्ष्य निधारण गर्दा ६/६ महिनामा प्राप्त गर्न सक्ने हुनु पर्ने र TIP निर्माण गरी सकेपछि सबै विद्यार्थीले देख्ने गरी कक्षकोठाको भित्तामा र प्र.अ. कक्षमा टाँस्ने व्यवस्था मिलाउनु पर्ने कुरा उल्लेख भएको छ ।

TIP वा प्रत्येक शिक्षकलाई मूलतः विद्यार्थीको मौजुदा सिकाई उपलब्धीस्तर बढाउन सामना गर्नु परेका शिक्षण सिकाई समस्याहरुद्वारा निर्देशित पेशागत विकास तालिम पाउने र त्यसको नतिजा शिक्षण सुधार योजना अन्तर्गत प्रतिविम्वित हुने हुँदा शिक्षकहरुमा तार्किक सम्बन्धयूक्त कार्यहरु गर्ने वानी विकास हुन जान्छ । त्यसको परिणाम स्वरुप पेशागत जवाफदेहिता वढाउन मद्दत पुग्ते हुन्छ (शै.ज.वि.केन्द्र, २०६६) ।

भट्टराई (२०६७), ले सामुदायिक विद्यालयमा शैक्षणिक योजनाको प्रभावकारीता शोधपत्रमा सामुदायिक विद्यालय शैक्षणिक योजनाको निर्माण र कार्यान्वयनको अवस्थाको बारेमा संकलन गर्नुभएको तथ्याङ्कको विश्लेषण गरी निष्कर्ष निकालिएको छ । इटहरी स्रोतकेन्द्रमा आवद्ध भएका प्राय सवै विद्यालयहरुले SIP बनाएको र कार्यान्वयन गरेको ८० प्रतिशत शिक्षकले मात्र शैक्षणिक योजना बनाएको उल्लेख छ । ६० प्रतिशत शिक्षकले पाठयोजना निर्माण गरी अध्यापन गरेको र ४० प्रतिशत शिक्षकले विना योजना शिक्षण गरेको उल्लेख भएको, शिक्षकले पाठयोजना तयारी गर्दा पाठ्यक्रम, विषयवस्तु, पाठको स्वरुप तथा शिक्षण सामग्रीलाई आधार लिएको, विद्यालयमा पाठ पढाउँदा व्याख्यान, प्रवचन,

छलफल, प्रश्नोत्तर लगायतका विधिहरुको प्रयोग गरेको र त्यसका लागि विद्यालयको भौतिक सुविधा, सिकाईको स्तर, रुची, उमेर, विषयवस्तुको प्रकृतिलाई आधार मानेका विद्यालयमा दैनिक प्रयोग हुने, आधारभूत शिक्षण सामग्री उपलब्ध भएको प्राय सवै शिक्षकले बताएको, विषयगत शैक्षिक सामग्रीको उपलब्धता ठीकै रहेको भनी ६० प्रतिशत शिक्षकले र ४० प्रतिशत शिक्षकले उपलब्धता न्यून रहेको र  खटिएका दक्ष अनुभवी तथा तालिमप्राप्त शिक्षक/शिक्षिकाबाट नै विद्यार्थीको उज्जल भविष्य सुनिश्चित हुनुका साथै समस्त राष्ट्रको सपनालाई साकार पार्ने कार्य भैरहेको हुन्छ। शिक्षण सिकाईलाई मर्यादित, उपयोगी र गुणस्तरीय बनाउनमा खटिएका अनुभवी, दक्ष र तालिमप्राप्त शिक्षक शिक्षिकाको योजनाबद्ध शिक्षणको देनले राष्ट्र र समाजका लागि अविस्मरणीय भूमिका खेल्दछ भन्ने कुरा यथार्थ हो। यसैबाट नयाँ र समृद्ध नेपालको नारालाई सार्थकता प्रदान गर्न उर्जा प्राप्त हुन्छ र विद्यार्थीलाई प्रभावकारी र सफल शिक्षण गर्नको लागि योजनाबद्ध शिक्षण र सिकाई उपलब्धि दरमा वृद्धि गर्न शिक्षण सुधारको उपायहरु अवलम्बन गर्न सक्ने प्रष्ट भई यो साहित्यको पूनरावलोकन गर्न उपयुक्त ठानिएको छ  (भट्टराई,२०६७)।

प्रमोद आयम (२०६८), टिपीडी कक्षामा पुगेता राम्रो भन्ने लेखमा उल्लेख गरे अनुसार २०२८ यता शिक्षक तालिममा मात्र १५ करोड डलर अर्थात करिव ११ अर्व रुपैया खर्च भएको शै.ज.वि. केन्द्रको आँकडा रहेको छ। यस्ता तालिमहरुको प्रभावकारिता कक्षाकोठामा ५०% मात्र पूगेको विश्लेषकहरुको रहेको छ। यसैको सेरोफेरोमा रहेर शिक्षकहरुलाई सेवाकालीन तालिमहरुको पूर्नताजगिको रुपमा टि.पी.डि अर्थात शिक्षकको पेशागत विकास तालिमको अवधारणा अनुरुप कार्यान्वयन थालिएको छ। यस अन्तर्गत पाँचदिनको फेस टु फेस तालिम पूरा भएपछि शिक्षकले अर्को पाँच दिनको स्व-अध्ययन खण्ड (दोश्रो भाग) पूरा गर्नुपर्ने हुन्छ। स्वाध्ययन अन्तर्गत शिक्षण सुधार योजना (TIP) अनिवार्य हुन्छ (शिक्षक मासिक, २०६८)।

विश्वम्भर (२०६८) का अनुसार सिकाईको क्रममा व्यक्तिमा आउने परिवर्तनलाई सिकाई उपलब्धीको रुपमा लिन सकिन्छ। सिकाई, उपलब्धी र मापनलाई व्यवहारको कसीमा घोटेर हेर्ने हो भने यि तिनवटै विषयमा गहीरो अन्तरसम्बन्ध र संगती भेट्न सकिन्छ। शिक्षा वा सिकाईको उपलब्धी मापनीय हुनैपर्छ भन्ने आग्रहले शिक्षाको विस्तृत दायरालाई एकदमै संकुचित र संकिर्ण बनाईदिन्छ। यो सानो चुनौती होइन। शिक्षाको उपलब्धी मापन गर्ने सिद्धान्तले शिक्षाको सम्पूर्ण अवधारणा र प्रक्रियालाई नै मापदण्डाको

परिधीभित्रको कैदि बनाईदिएको छ । आज जुन विषयलाई वस्तुनिष्ठ परिणाममा मापन गर्न सकिन्छ, तिनै विषयमात्र शिक्षाका प्रमुख विषय रहन गएका छन् (शिक्षक, असार २०६८) ।

रा.शि.प. प्रतिवेदन (२०४९) को प्रतिवेदनले विद्यालयमा काम गर्ने सवै शिक्षकहरुलाई तालिम अनिवार्य गर्नुपर्छ भनिएकाले, वास्तवमा शिक्षण कार्य एक प्राविधिक कार्य भएकाले तालिमबाट विषयवस्तुको प्रस्तुतीकरण र शैक्षिक सामग्रीको निर्माण र प्रयोग, विद्यार्थी मूल्यांकन जस्ता शिक्षणसँग सम्बन्धित सिपहरु प्रदान गर्नको लागि आवश्यक योजना निर्माण गरिने TIP को उद्देश्यसँग ि ा देखिएकाले यसलाई साहित्यको पूनरावलोकनमा छनौट गरिनेछ । तालिम भनेको एउटा साधान हो जसबाट कुनैपनि व्यक्तिले आफूलमा भएको ज्ञान, सीप र धारणालाई परिस्कृत गर्न वा पूनर्ताजगी गर्न आफूमा भएको अभाव पूर्ति गर्ने आवश्यक ज्ञा ि प र धारणा प्राप्त गर्दछन् (कोइराला, २०६२ मा उद्धृत) ।

अधिकारी (२०६८) ले माध्यमिक अनुमति पत्र परीक्षा दर्पणमा शैक्षिक योजनाको आवश्यकता उल्लेख गर्दै हरेक शिक्षकले आफ्नो शिक्षण कार्यलाई प्रभावकारी उद्देश्यपूर्ण र व्यवहारीक बनाउन शैक्षणिक योजना निर्माण गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नु पर्छ । योजनाबद्ध ढंगले शिक्षण गरेमा मात्र पाठ्क्रमद्वारा अपेक्षित उद्देश्य प्राप्त हुन सहयोग पुग्दछ । त्यसैले प्रत्येक शिक्षकले विद्यालयको कार्यतालिका विद्यार्थीको रुची, उमेर र क्षमता उपलब्धि भौतिक तथा शैक्षिक सुविधा सामाजिक तथा भौतिक बातावरण आदिको आधारमा पाठयक्रमले निर्दिष्ट गरेका उद्देश्य पुरा गर्ने किसिमले शिक्षण योजना वा शैक्षणिक योजना तयार गर्नु आवश्यक हुन्छ । त्यसैले हरेक शिक्षले कुनै पनि विषयवस्तु शिक्षण गर्नुभन्दा अगाडि के किन र कसरी शिक्षण गर्ने विद्यार्थीलाई कुन कुन क्रियाकलपाबाट सक्रिय गराउने भनेर स्पष्ट योजना बनाई त्यसलाई अनुसरण गर्नु आवश्यक हुन्छ । त्यसैले शिक्षकले आफ्नो शिक्षण कार्यलाई सफल बनाउने शैक्षणिक योजनाको भूमिकालाई महत्वपूर्ण ठान्नु पर्दछ (अधिकारी, २०६८) ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

यो अध्ययन शिक्षण सुधार योजनाले सिकाई उपलब्धीमा पारेको प्रभाव शिक्षकले तालिम कक्षाकोठामा प्रयोग गरेर विद्यार्थीको सिकाई उपलब्धी दरमा वृद्धि गराउने सँग सम्बन्धित भएकोले निम्न सिद्धान्तहरुको प्रयोग गर्न सकिन्छ ।

मास्लो (१९४३), ले मानव अभिप्रेरणाको सिद्धान्तमा उल्लेख गरे अनुसार व्यक्ति कार्यप्रति किन प्रेरित हुन्छ भन्ने कुरालाई व्यवस्थापकले कार्यका लागि कामदारका आवश्यकतालाई ध्यानमा राखी उनीहरुका आवश्यकतलााई पुरा गरि कामदारालाई खुसी पार्नु पर्दछ । त्यसैगरी शिक्षक तालिमका सीपहरु कक्षाकोठामा प्रयोग गर्न गराउन विद्यालयका व्यवस्थापन समिति, प्र.अ. ले शिक्षकहरुको आवश्यकतालाई पूरा गरी काम प्रति खुशी बनाउनु पर्दछ भने शिक्षकले पनि विद्यार्थीहरुको रुचि, चाहनालाई ध्यान दिई शिक्षण गरेमा सिकाई उपलब्धी वृद्धिमा टेवा पुगेकोछ ।

यो अभिप्रेरणा सिद्धान्तले व्यक्ति कुनै कार्य प्रति किन प्रेरित हुन्छ भन्ने कुरा नै यसको धारणा हो । व्यक्ति लक्षित उद्देश्य परिपूर्तिका लागि केही पूरस्कार, प्रसंशा, उपलब्धी होस भन्ने चाहनाले कार्यप्रति प्रेरित हुन्छ । उस्को उत्प्रेरणा घटाउने र बढाउने कार्य ऊ भन्दा माथिका अधिकारीहरुले गरिरहेका हुन्छन् । यदि विभागीय प्रमुखले प्रशासकसँग कुनै शैक्षिक सामग्रीको माग गर्छ भने त्यो पूरा गर्नु उसको दायित्व हो । त्यस्तै विद्यालय तहमा पनि शिक्षक मात्र तालिमप्राप्त भएर कुनै अर्थ रहदैन तालिम प्राप्त शिक्षकले तालिममा सिकेका सीपहरुलाई विद्यालयाको कक्षाकोठामा प्रयोग गर्न उपयुक्त वातावरण सिर्जना गराई दिने जिम्मेवारी प्रशासनको रहने भएकोले प्र.अ. र शिक्षक विच घनिष्ट सम्बन्ध स्थापित भएमात्र उद्देश्यमा सजिलै पुग्न सकिन्छ । यसबाट शिक्षकले आफ्नो ज्ञान, सीपको प्रचुर मात्रमा उपयोग गर्दै योजनाबद्ध शिक्षण कार्यमा सरिक हुन सक्छ (कोइराला २०६२ मा उद्धृत) ।

Prof. Douglas MC Gregor (1906) ले X र Y नामक सहभागिताको सिद्धान्त प्रतिवादन गरे । उनले औद्योगिक संगठनमा मानवीय व्यवहारको सम्बन्धमा दुई परस्पर विरोधी विचारधाराको प्रतिपादन गरेका छन् । यो सिद्धान्त Elton Mayo को विचार सँग निकै मिल्दो जुल्दो छ । उनले व्यक्तिमा हुने नकारात्मक स्वभाव वा पक्षलाई (X) सिद्धान्तको रुपमा र सकारात्मक वानी व्यहोरालाई विचार र स्वभावलाई (Y) सिद्धान्तको नाम दिई प्रस्तुत गरेको पाइन्छ ।

एक्स सिद्धान्त परम्परागत, नकारात्मक, तानाशाहि, निरंकुश शैलिको हुन्छ । यसका मानिस कुशलतापूर्वक कार्य गर्दैन बरु कार्यको नाजुक स्थिति रहन्छ । समान समूह र हाकिम तथा मातहतका कर्मचारी बीच घनिष्ट सम्बन्ध हुदैन यसको कारण लक्ष्य प्राप्ती गर्न नियन्त्रण, निरिक्षण, आदेश, निर्देशन दिनु पर्ने हुन्छ । यस सिद्धान्तमा शक्ति र नियन्त्रणको

भरमा काम गराईन्छ। कर्मचारीलाई व्यवस्थापकिय कार्यमा सहभागीता गराइँदैन। आर्थिक वित्तिय सुविधा दिएमा राम्रो काम हुन्छ भन्ने मान्यता यस सिद्धान्तले राख्दछ तर सधै सबैमा यस्तो हुदैन।

एक्स सिद्धान्त अनुसार अधिकांस मानिसहरु स्वभावैले काम गर्न नरुचाउने र काम सकेसम्म पन्छाउन खोज्छन्। यस्तो अवस्थामा अपेक्षित उद्देश्य प्राप्त गर्न दण्ड, सजाय, डर, धम्की, निर्देशन, आदेश दिनुपर्ने हुन्छ। कामदारहरु जिम्मेवारीबाट हट्न खोज्ने प्रवृत्ति हुने हुनाले बाहिरी नियन्त्रणको उपयोग गरिन्छ। अधिकांश मानिसहरुको स्वभाव अल्छि र आलस्यपूर्ण हुनछ।

यस सिद्धान्तमा व्यवस्थापक र कामदारबीच मैत्रीपूर्ण सम्बन्ध हुँदैन, कुनै पनि निर्णय गर्नु पर्दा व्यवस्थापक आफैलेमात्र निर्णय गर्ने गर्दछन्। कामदारहरु उद्देश्यप्रति वफादार नभई झारो टार्ने लक्ष्य मात्र लिने गर्दछदन्। कुनै कुनै विद्यालयमा पनि प्र.अ. र शिक्षकबीच यस्तो व्यवहार हुने भएकोले शिक्षकले कक्षाकोठामा राम्ररी शिक्षण गर्न नसक्नु र विद्यार्थीहरुले पनि अपेक्षित उपलब्धी हासिल गर्न नसक्ने कुरासँग मेल खाने देखिएकोले यो सिद्धान्तको अध्ययन गरिने छ। कतिपय विद्यालयका प्र.अ. र शिक्षक बीच हाकिम तथा नोकरशाहीको व्यवहार गरिन्छ। जसको कारण तालिमका उपलब्धीहरुलाई कक्षामा अत्यन्त कठिन साथ प्रयोग गराउनु पर्ने देखिन्छ। शिक्षकले बनाएका शिक्षण योजनाहरु दवावमा पर्ने अवस्थाले कार्यान्वयनमा शंका उत्पन्न हुने छ।

एक्स सिद्धान्तमा प्रसस्त आलोचनाहरु भएपछि वाई सिद्धान्तले मान्यता पाएको हो। मानिसलाई मेसिन जस्तो बनाई मौलिकता र सिर्जनात्मकलाई वेवास्ता गर्नु राम्रो होइन। वाई सिद्धान्त पूर्णरुपले सकारात्मक आधुनिक सहभागिता मुलक प्रजातान्त्रिक सिद्धान्तमा आधारित छ। यसमा व्यवस्थापकले एउटा नेताको रुपमा सबै कर्मचारीको आवश्यक राय सल्लाह सुझावको आधारमा निर्णय लिने कार्य गर्दछ। यस सिद्धान्तको मूल उद्देश्य, उद्देश्य प्राप्ति तर्फ उन्मुख हुनु हो।

वाई सिद्धान्त अनुसार संगठनको उद्देश्य प्राप्तिमा व्यक्तिगत र सामुहिक प्रयास गरिन्छ। समस्याको समाधानमा सृजनात्मकताको उपयोग गरिन्छ। मानवमा अन्तरनीहित क्षमता, भावना, प्रतिभा प्रष्फुटन गर्ने प्रयाप्त अवसर प्राप्त हुन्छ। अधिकांस मानिसहरु उचित कार्य अवस्था र अनुकुल वातवरणमा रही आफ्नो दायित्व वहन गर्ने प्रयास गर्छन।

Prof. Douglas MC. Gregor बताउछन् निर्णय प्रक्रियामा सहभागिता उत्तरदायित्व चुनौतीपूर्ण कार्यहरु सामुहिक भावना र क्रियाकलाप जस्ता कारणले व्यक्तिको अभिप्रेरणा बढाउन वाई सिद्धान्त सफल हुन्छ ।

वाई सिद्धान्त आधुनिक प्रजातान्त्रिक सिद्धान्त भएकोले यसमा हाकिम र कामदार बीच घनिष्ट सम्बन्ध रहेको हुन्छ । कुनै पनि निर्णय गर्दा सवैको छलफलबाट निर्णय पारित गरिन्छ । यस सिद्धान्त अनुसार शिक्षक तालिममा सिकेका सीपहरु प्र.अ., शिक्षक, वि.व्य.स. मिलेर कार्यान्वयन गरिन्छ, जुन अत्यन्तै फलदायी हुन्छ । यसरी तालिमबाट सिकेका सीपहरुको सही प्रयोगबाट निर्माण गरिने शिक्षण योजनाहरुले अध्ययन अध्यापन कार्यमा सकारात्मक प्रभाव पार्दछ । यसबाट विद्यार्थीहरुको सिकाई उपलब्धीदर सामान्यतया वृद्धि हुने देखिन्छ (कोइराला र अन्यबाट उद्धृत) ।

Victor Uroom's ले 1964 मा आशावादी सिद्धान्त प्रतिपादन गरे । आशावादी सिद्धान्त भन्नाले "The strength of tendency to act in a certain way depends on the strength of an expectation that the act will be followed by a given out come on the attractieness of that outcome to the individual (Uroom's, 1964) ।

यस सिद्धान्तअनुसार विद्यार्थीहरु कक्षाकोठामा अध्ययन गर्न जागरुक हुनको लागि शिक्षकबाट स्यावासी पाउन, परीक्षामा राम्रो अंक ल्याई उत्तीर्ण गर्न, पुरस्कार पाउन, छात्रवृत्ति पाउन एवं सवैको प्रियपात्र बन्ने आशा एवं विश्वासले उत्प्रेरित भई अध्ययन कार्यमा सक्रियताको साथ लाग्छ भने शिक्षक पनि वढुवा हुने, पुरस्कृत हुने, आबाले आफूले तालिममा आसिल गरेको ज्ञान, सीप र क्षमतालाई सक्रियताका साथ कक्षाकोठामा कार्यन्वयन गर्छ । यी दुवैबाट अपेक्षित सिकाई उपलब्धी प्राप्त हुन विशेष जोड पुग्दछ (कोइराला र अन्यबाट उद्धृत) ।

## २.३ अध्ययनको उपादेयता

शिक्षा विकासको लागि ठूलो लगानी गरिएको छ । यस क्षेत्रको लगानीलाई सार्थक बनाउनको लागि राष्ट्रले निर्माण गर्ने शैक्षिक योजनाहरु समय सान्दर्भिक एवं नेपालको धरातल सुहाउँदो हुनुपर्दछ । त्यसरी नै विद्यालयमा निर्माण हुने शैक्षणिक योजनाहरुको इमान्दारितापूर्वक कार्यान्वयनले शिक्षण सिकाई सफल र प्रभावकारी हुने कुरामा कसैको दुइमत नहुन सक्छ । मौजुदा अवस्थालाई सुधार गर्नको लागि शिक्षकले अपनाउँदै आएको

शिक्षण विधि, प्रयोग गरेको सामग्री एवं समयलाई परिवर्तन/परिमार्जन एवं थपघट गरि शिक्षण सुधार योजना निर्माण गरी अध्यापन कार्यमा तालिमबाट प्राप्त ज्ञान, सीप, क्षमतालाई भरमग्दुर उपयोग गरेमा सफल शिक्षण हुने छ ।

मानव अभिप्रेरणा सिद्धान्त अनुसार तालिमबाट शिक्षकले हासिल गरेको ज्ञान, सीपहरुको कक्षा शिक्षणमा अधिकतम उपयोग गरेमा शिक्षण सफल हुने छ । यसमा शिक्षकको आधारभूत आवश्यकता पूर्ति गर्नमा विद्यालय व्यवस्थापक, प्र.अ.हरुले विशेष ध्यान दिनु पर्दछ भने विद्यार्थीको रुचि, चाहना र आवश्यकतालाई ध्यान र संवोधन गर्दै शिक्षकले पनि अध्यापन गर्नु जरुरी ठानिन्छ ।

शैक्षिक गुणस्तर वृद्धि गर्नु एक चुनौतीपूर्ण विषय हो । शिक्षामा परिवर्तन ल्याउने प्रमुखवाहक शिक्षक नै भएकाले शिक्षकलाई पेशाप्रति जिम्मेवार, कर्तव्यनिष्ठ, लगनशील, अनुशासित र इमान्दार बनाउन देखि लिएर सिर्जनात्मक, मौलिक एवं रचनात्मक क्षमतालाई तालिमले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । तालिमप्राप्त शिक्षक कक्षा शिक्षण कार्य गर्नुभन्दा अगाडि विभिन्न शैक्षणिक योजनाहरु निर्माण गर्नु पर्दछ । यस्ता योजनाहरु अन्तर्गत नै शिक्षण सुधार योजनाले विद्यार्थीहरुमा रहेको सिकाई क्षमतालाई अभिवृद्धि गर्नमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

आशावादी सिद्धान्तअनुसार शिक्षकले कक्षा शिक्षण कार्यमा संलग्न रहदा विद्यार्थीहरुले स्यावासी पाउने, पुरस्कृत हुने एवं कक्षामा उच्च स्थान हासिल गर्न सक्षम हुने आशाले राम्ररी र इमान्दारितापूर्वक अध्ययन कार्यमा संलग्न भएको अवस्थामा शिक्षकले निर्माण गरेका शिक्षण सुधार योजनामा अपेक्षित गरिएको सिकाई उपलब्धीहरु प्राप्त गर्न विद्यार्थीको सक्रीय सहभागिताले सम्भव हुने आशा गरिएको छ साथै सैद्धान्तिक खाका र सम्बन्धित साहित्यको पुनारावलोकनले यस शोधकार्यमा उचित अनुसन्धान ढाँचा निर्माण गर्न तथ्याङ्क संकलनका लागि मार्गनिर्देशन गर्नुका साथै विश्लेषण प्रक्रियमा समेत सहयोग पुऱ्याएको छ।

# परिच्छेद तीन : अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

TPD तालिम लिएका शिक्षकहरूले निर्माण गरेको TIP ले विद्यार्थीको सिकाई उपलब्धि दरमा पारेको प्रभाव बारे अध्ययन गर्न यस शोधकार्यमा  गुणात्मक र परिणात्मक मिश्रीत ढाँचाको प्रयोग गरिएकोछ ।

## ३.२ जनसंख्या

यस अध्ययनको लागि धनकुटा जिल्लाको सिधुवा स्रोतकेन्द्रका ३० वटा सामुदायिक विद्यालयहरुका  प्र.अ., वि.व्य.स., शिक्षकहरू, विद्यार्थीहरू, अभिभावकहरू र सम्बन्धित स्रोतकेन्द्रका स्रोतव्यक्तिलाई जनसख्याको रूपमा लिएको छ ।

## ३.३ नमूना छनौट विधि र नमूनाको आकार

धनकुटा जिल्लाको सिधुवा स्रोतकेन्द्र अन्तर्गतका ३० विद्यालय मध्ये ४ वटा विद्यालयहरूलाई उद्देश्यमूलक नमूना छनोट विधिबाट छनौट गरिएको छ । जस मध्ये कोटाविधि प्रयोग गरी २ मा.वि., १ नि.मा.वि. र १ प्रा.वि.को छनौट गरिएकोछ । नमूना छनौटमा परेका विद्यालयहरूबाट प्र.अ.हरू, वि.व्य.स. पदाधिकारीहरू मध्येबाट १, १ जना , शिक्षकहरू मध्येबाट १,१ जना कोटा विधिबाट छनौट गरिएको छ । २,२ विद्यार्थीहरू र २, २ अभिभावकहरूलाई Random Sampling Method द्वारा छनौट गरिएको छ । यसरी नै स्रोतव्यक्ति उद्देश्य मूलक छनौटमा पर्दछन् ।

नमूना छनौटमा परेका विद्यालय र जनसंख्या निम्नानुसार रहेका छन् :

| क्र.स | विद्यालयको नाम | प्र.अ | वि.व्य.स. पदाधिकारी | शिक्षक | विद्यार्थी | अभिभावक | स्रोत व्यक्ति | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. | जनकल्यण प्रा.वि. वरडाडाँ | १ | १ | १ | २ | २ | १ | |
| २. | सरस्वती नि.मा.वि. मजुवा | १ | १ | १ | २ | २ | | |
| ३. | सिंहदेवि मा.वि. आहाले | १ | १ | १ | २ | २ | | |
| ४. | जनता मा.वि. निगाले | १ | १ | १ | २ | २ | | |
| | जम्मा | ४ | ४ | ४ | ८ | ८ | १ | २९ |

स्रोत : स्थलगत अध्ययन

विस्तृत विवरण अनुसूची २ मा प्रस्तुत गरिएको छ ।

## ३.४ अनुसन्धानका साधनहरु

यस अनुसन्धानमा निम्न लिखित साधनहरूको प्रयोग गरिएको छ ।

### ३.४.१ स्थलगत अवलोकन

यस अध्ययन अनुसन्धानलाई सम्पन्न गर्न नमूना छनौटमा परेका ४ वटै विद्यालयहरुको स्थलगत रुपमा SIP, Flash I and II माइन्यूट रजिष्ट्र र मार्कलेजर र अन्य सम्बन्धित अभिलेख र रजिष्ट्रहरूको अवलोकन गरिएको छ ।

### ३.४.२ लक्षित समूह छलफल

यस अध्ययन अनुसन्धानकार्यलाई निश्कर्षमा पुऱ्याउन लिइएका ४ वटै विद्यालयका विद्यार्थी, प्र.अ. ⁄ शिक्षक, वि.व्य.स. अध्यक्ष, अभिभावक एवं सम्बन्धित स्रोतकेन्द्रका स्रोतव्यक्तिसँग छलफल गरिएको छ ।

### ३.४.३ अन्तरवार्ता प्रश्नावली

यस अध्ययनलाई निष्कर्षमा पुऱ्याउन नमूना छनौटमा परेको स्रोतकेन्द्र, विद्यालयका वि.व्य.स. पदाधिकारीहरूलाई अन्तरवार्ता प्रश्नावली तयार पारि अन्तरवर्ता लिई अध्ययन गरिएकोछ ।

### ३.४.४ प्रश्नावली

यस अध्ययनको लागि नमूना छनौटमा परेका विद्यालयका प्र.अ.हरू, शिक्षकहरू एवम् स्रोत व्यक्तिलाई छुट्टाछुट्टै खुल्ला एवम बन्द प्रश्नावलीहरू तयार परि तथ्याङ्क एवम धारणहरू संकलन गरी अध्ययन गरिएकोछ । प्रश्नावलीहरू अनुसूचीमा समावेश गरिएकोछ ।

## ३.५ नमूना छनौटको आधार

शिक्षकलाई नमुनाको रुपमा छनौट गर्दा TPD तालिम दिएकाहरूलाई आधार बनाएको छ साथै भौगोलिक आधार जनसंख्याको समावेशीको आधार एवम अध्ययनको सहजताका आधारमा नमूनाको छनौट गरिएको छ ।

## ३.६ तथ्याङ्कको स्रोतहरु

नमूनामा परेका सिधुवा स्रोतकेन्द्रका ३० वटा सामुदायिक विद्यालयहरु मध्ये ४ वटा विद्यालयहरुलाई छनौट गरि तथ्याङ्क संकलन गरिएको छ। तथ्याङ्क संकलन गर्ने क्रममा प्राथमिक र द्वितीय तथ्याङ्कलाई स्रोतको रुपमा लिइएको छ।

### ३.६.१ प्राथमिक स्रोत

यसमा अन्तर्वार्ता, प्रश्नावली, आवश्यकता अनुसार समूह छलफल सहभागीहरूले दिएको प्रतिक्रिया यससँग सम्बन्धित लिखित निर्णय वा आधारहरूको टिपोट, स्थलगत अवलोकन आदि साधनहरुको प्रयोग गरेर प्राथमिक तथ्याङ्क संकलन गरिएको छ।

### ३.६.२ द्वितीय स्रोत

अनुसन्धानको क्रममा पूर्व प्रकासित तथा संकलित तथ्याङ्कलाई सहायक स्रोतको रुपमा प्रयोग गरिएको छ। यस अध्ययनमा विद्यालय सुधार योजना, शिक्षण सुधार योजना, अभिभावक र वि.व्य.स.का शैक्षिक सुधार सम्बन्धि गरिएका निर्णयलाई सहायक स्रोतको रुपमा प्रयोग गरिएको छ।

## ३.७ तथ्याङ्क संकलन प्रक्रिया

अनुसन्धानकर्ताले स्वयं अध्ययनको लागि छनौट भएका नमूना जनसंख्याको तथ्याङ्क संकलनका लागि छनौट भएको प्रत्येक विद्यालयका प्र.अ., शिक्षकहरुलाई सामुहिक रुपमा अध्ययनको उद्देश्यबारे स्पष्ट पारि स्तरीकृत नमूना छनौटमा परेका अन्य व्यक्तिहरुसँग प्रश्नावली भराउने, अन्तर्वार्ता लिने, छलफल गर्ने, अभिलेख अध्ययन गर्ने, अवलोकन गर्ने जस्ता कार्य गरि आवश्यक तथ्याङ्क सूचना र जानकारी संकलन गरिएको छ।

## ३.८ तथ्याङ्क विश्लेषण प्रक्रिया

विभिन्न श्रोतबाट प्राप्त तथ्य, तथ्याङ्क तथा सूचनाहरुलाई सिलसिलेबार रुपमा मिलाएर गुणात्मक तथा परिमाणात्मक ढगले व्याख्या विश्लेषण गरिएको छ। तथ्याङ्कहरुलाई विभिन्न समूहमा वर्गीकरण गरेर विश्लेषण गरिएको छ। यस अध्ययनको सैद्धान्तिक खाका र

पूर्व साहित्य र प्राप्त तथ्याङ्कलाई तुलनात्मक विश्लेषण गरी वर्णनात्मक र विश्लेषणात्मक रुपमा प्रस्तुत गरिएको छ । TPD तालिम प्राप्त शिक्षकहरूले निर्माण गरेको शिक्षण सुधार योजना पश्चात अध्यापन कार्यले विद्यार्थीको सिकाई उपलब्धिदरमा आएको सुधार प्रभावको बारे विश्लेषण गर्दै निश्कर्षमा पुगिएको छ । अध्ययनको उद्देश्य प्राप्तिको लागि सरोकारवालहरूसँग प्रत्यक्ष भेटघाट गरी प्रश्नावली, अन्तर्वाता, अवलोकन, छलफलजस्ता विधि एवम् साधनहरूको प्रयोगबाट प्राप्त सुचनाहरूलाई शाब्दिक रूपमा व्याख्या र विश्लेषण गर्दै निश्कर्षमा पुगिएको छ । उद्देश्य अनुसार उपयुक्त शिर्षकहरू छनौट गरी व्याख्या विश्लेषण गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्क विश्लेषण तथा विवेचना

शिक्षण सुधार योजना (TIP) ले सिकाई उपलब्धिमा पारको प्रभाव बारेमा अध्ययन गर्नका लागि नमुना छनौटमा परोका ४ वटा विद्यालयको प्र.अ., शिक्षकहरू वि.व्य.स. पदाधिकारीहरू, अभिभावक र विद्यार्थीहरू तथा श्रोतव्यक्तिहरूबाट संकललित तथ्याङ्क, धारण एवं सुचनाहरूलाई निम्नानुसार विश्लेषण तथा विवेचना गरिएको छ ।

## ४.१ शिक्षण सुधार योजना ( TIP )कार्यान्वयको अवस्था

नेपाल सरकाले सम्पूर्ण शिक्षकहरूलाई विज्ञ वनाउन शिक्षहरूको जवाफ देहिता बढोत्तरी गर्न सिकारूको सर्वोचता सूनिश्चित गर्न एवं विद्यालय, शिक्षक, श्रोतकेन्द्र र शैक्षिक तालिमकेन्द्र वीच सुमधुर सम्बन्ध स्थापित गरि लक्ष्यित समूह केन्द्रित आवश्यकतामा आधारित तालिम संचालन गरि पेशागत दक्षतथा वृद्धि गर्नका लागि TIP तालिम प्रदान गरिने र तालिमपश्चात सबै शिक्षकले TPD Project work, case study, action research र Report लेख्नु पर्ने कुरा श्रोतव्यक्तिले जानकारी दिएका थिए ।

धनकुटा जिल्लाको सिधुवा श्रोतकेन्द्रका ३० वटै सामूदायिक विद्यालयमा कार्यरत प्रा.वि. तहका प्राय सबै शिक्षकहरू TPD तालिममा सक्रिय सहभाग रहेका जानकारी श्रोतव्यक्तिले दिएका छन् । उनका TIP अनुसार तालिम पश्चात प्राय सबे शिषकले परियोजना कार्यहरू र TIP निर्माण गरेका, अनुसार शिक्षण भए नभएको अनुगमन भईरहेको TIP बाट प्राप्त नतिजलाई शिक्षकको कार्य सम्पादन मूल्यांकनमा समावेश गर्ने गरिएको प्रष्टाएका छन् ।

यसरी शिक्षकले निर्माण गरेको TIP प्र.अ. को कक्षमा राखिएको पाइएको छ । नमुना छनौटमा परेका सबै विद्यालयका प्र.अ.हरूलाई प्रश्नावली मार्फत तथ्याङ्क र सूचनाहरू संकलन गर्दा आफ्नो विद्यालयको प्रा.वि. तहमा कार्यरत शिक्षकहरूलाई TPD तालिममा सहभागी हुन उत्सुक पाएको बताएका थिए । विद्यालय ग र घ का शिक्षकहरूले TIP निर्माण गर्न कन्जुसस्याई गरेको भएता पनि आवश्यक सुझाव पछि TIP निर्माण गरेका र आफ्नो विद्यालयकामा कार्यरत शिक्षकहरूले बनाएको TIP अनुसार सिकाई उपलब्धिको मूल्यांकन गर्ने गरेको प्र.अ.हरू दावी रहेको पाइएको छ ।

पाठयक्रमले निर्दिष्ट गरेको उद्देश्यहरू पूर्तिगर्नका लागि विषयवस्तु सम्बन्धित शिक्षक र विद्यार्थीवीचमा प्रभावकारी अर्न्तक्रिया हुन जरुरी भएको अवस्था विभिन्न शैक्षणिक योजनाहरूको निर्माण र प्रयोगबाट शिक्षण सिकाई क्रियाकलाप प्रभावकारी हुने भएकोले TPD तालिमबाट आफूहरूले पेशागत क्षमतामा वृद्धि भएको जानकारी अनुसूची ६ क र ख अनुसार मार्फत संकललित तथ्याङ्क एवं सूचनामा नमुना छनौटमा परेका शिक्षकहरूले व्यक्त गरेका छन् । TIP निर्माणमा विद्यालका प्र.अ. एवं सहभागी शिक्षकहरूले TIP मा राखिएको लक्ष्य हासिल गर्न अपनाइने क्रियाकलाप विधि एवं सामग्रीको अधिकतम उपयोग गरेको कुरा व्यक्त गरेका थिए ।

अनुसूची ७ अनुरुपको अन्तर्वार्ता प्रश्नावली मार्फत नमूना छनौटमा परेका विद्यालयका वि.व्य.स. पदाधिकारीहरूबाट प्राप्त सूचना अनुसार विदखालय क र ग ले शिक्षकहरूलाई तालिममा पठाउन उनिहरूको ज्येष्ठता, अनुकुलता एवं आवश्यकतालाई आधार मानेको छ भने विद्यालय  ख र घ ले शिक्षकको चाहन, पालैपालो र विद्यालयको अध्ययन अध्ययपनमा आवश्यक पर्ने सीप र क्षमताबाट शिक्षकहरूलाई योग्य बनाउन तालिममा पठाउने गरेको पाइएको छ । तालिमबाट प्राप्त सीपहरूलाई सबै विद्यालयका शिक्षकहरूले कक्षा शिक्षणमा अधिकतम उपयोग गरेका शिक्षण प्रंति दत्तचित भई लागि परेका, शैक्षिक सामग्रीको निर्माण र प्रयोग गर्ने गरेको तथा वृद्धि, शिक्षणमा सक्रिय रहेको जानकारी पाइएको छ ।

अनुसूची ८ बमोजीमको विषयवस्तुमाथि छनौटमा परेका सबै विद्यालयमा नमुना जनसंख्याहरू बीचको छलफलबाट विद्यालयमा कार्यरत शिक्षकहरूले तालिम पश्चात शिक्षकहरूले योजना बद्ध रुपमा शिक्षण गर्ने जानकारी विद्यार्थीहरूले दिएका र TIP लाई आफ्नो कक्षाकोठाको भित्तामा टाँसेको सूचना विद्यालय क र ख का विद्यार्थीहरूले दिएका थिए । ग र घ विद्यालयका विद्यार्थीले शिक्षकले TIP आफ्नो कक्षामा नराखेको सूचना दिएका थिए भने अभिभावकहरूले आफ्नो विद्यार्थीको लागि शिक्षकहरूले योजनाबद्ध ढंगबाट शिक्षण गरेको र गर्ने कुरामा विश्वस्त भएको प्रतिक्रिया दिएका थिए ।

## ४.२ शिक्षण सुधार योजना (TIP) ले सिकाई उपलब्धिमा पारेको प्रभाव

टिपीडी तालिम लिएका शिक्षकहरूले भाग २ स्वध्ययन अभ्यास खण्ड अन्तर्गत निर्माण गर्ने शिक्षण सुधार योजनाले सिधुवा श्रोतकेन्द्रका नमूना छनौटमा परेका ४ वटा

विद्यायको विद्यार्थीहरूका सिकाई उपलब्धिमा पारको प्रभमाव बारेमा प्राप्त तथ्याङ्क एवं सूचनाहरूलाई निम्नानुसार विश्लेषण गरिएको छ ।

अनुसूची ४ क र ख अनुसारको बन्द एवं खुल्ला प्रश्नावली मार्फत श्रोतव्यक्तिसँग लिएको तथ्याङ्क एवं धारण अनुसार TIP निर्माण गरि अध्यापन गर्न थालेपश्चात विद्यार्थीको सिकाई उपलब्धीदरमा वृद्धि भएको, विद्यार्थीमा देखिउका कमजोरीहरू शिक्षकहरूले हटाई पृष्टपोषण दिने गरेको TIP ले राखेको लक्ष्य हासिल गर्न शिक्षकहरू सदैव प्रयत्नशिल रहने गरेको, TIP को लक्ष्य हासिल गर्न उपयूक्त शिक्षण विधि, शैक्षिक सामग्रीको निर्माण र प्रयोगमा जोडदिएको तथा TPD तालिम पश्चात सूचकहरूको अध्ययन गरि सक्रिय शिक्षण कार्यबाट विद्यार्थीको शैक्षिक स्तर वृद्धि गर्न र हासिल भएको सीपहरू कक्षामा प्रयोग गर्न शिक्षकलाई सहयोग पूगेको प्रतिक्रिया प्राप्त भएको छ ।

अनुसूची ५ क र ख अनुसारको बन्द र खुल्ला प्रश्नावली मार्फत प्र.अ.हरूबाट संकलित तथ्याङ्क एवं सूचना अनुसार TIP अनुसार शिक्षकहरूले शिक्षण गर्दा विद्यार्थीहरूको सिकाई उपलब्धि दरमा सकारात्मक स्थितीको सृजना भएको प्रंतिक्रिया सबै विद्यालयका प्र.अ. हरूले दिएका छन् । विद्यार्थीमा देखिएका कमीकमजोरी पत्ता लगाई बेलैमा पृष्ठपोण दिन सहयोग पूगेको, शिक्षकहरूले अफूले TIP मा उल्लेख गरेको लक्ष्य हासिल गर्न, सबै विद्याार्थीहरूलाई कक्षाकार्य र गृहकार्यमा सक्रिय बनाएको प्रतिक्रिया प्र.अ.हरूले दिएका छन् भने शिक्षक र विद्यार्थीमा अनुशासनको विकास भएको कुरा उल्लेख गरेका छन् ।

अनुसूची ६ क र ख अनुरुपको बन्द र खुल्ला प्रश्नावली मार्फत शिक्षकहरूको राय एवं तथ्याङ्क संकलन गर्दा TIP को लक्ष्य हासिल गर्न सबै शिक्षकहरूले निरन्तर मूल्यांकन अवधारणालाई कार्यन्वयन गरी अवलोकन र मूल्यांकन गर्ने गरेको, विद्यार्थीका नियमिततामा वृद्धि भएको विद्यार्थीमा जिज्ञासा बढेको, योजनाबद्ध शिक्षणले अध्यापनमा सहजता आएको, विद्यार्थीको सिकाई उपलब्धिदरमा वृद्धि भएको र आफ्नो दायित्व समेत पूरा गर्न सकेको विद्यार्थीहरूलाई प्रतिस्पर्धाको भावना जागृत हुन पूगेको अनुभव शिक्षकहरूको रहेको पाइयो । साथै विद्यार्थीहरू आफ्नो कक्षामा समायावधिभर रहने दरमा समेत वृद्धि भएको जानकारी शिक्षकहरूले दिएका छन् ।

अनुसूची ७ अनुसार नमुनामा परेका सबै विद्यालयका वि.व्य.स. पदाधिकारीहरूसँग अन्तर्वार्ता प्रश्नावली मार्फत संकलित सूचनाहरू अनुसार तालिम लिएका शिक्षकहरूले समयको सहित उपयोग गरेका हासिल सीपहरूलाई कक्षा शिक्षण अधिकत्तम उपयोग गरेका

आवश्यकता अनुसार शैषिक सामग्रीको निर्माण  र प्रयोग गरेका बालमैत्री शिक्षणमा जोड दिएका शिक्षण योजनाबनाई अध्ययपन गर्ने गरको कुरा प्रायण सबै विद्यालयका वि.व्य.स. पदाधिकारीहरूका भनाई रहेको छ ।

अनुसूची ८ अनुसारको विषयवस्तु प्रस्तुत गरि गरिएको सामुहिक छलफलबाट विद्यार्थीहलाई योजनाबद्ध र सहि विधि छनौट गरि अध्यापन गरेकाको अवस्थामा शिक्षण सिकाई प्रभावकारी र सफल हुने गरेको, विद्यार्थीहरूको नियमिततामा वद्धि भएको, TIP को लक्ष्य हासिल गर्न सम्बन्धित सबै पक्ष सक्रियाताका साथ लागि परेका विद्यार्थी र शिक्षक दुवै अनुसाशित तवरबाट आगाडि उत्साहित रहेका र शिक्षकको पनि नियमितामा वृद्धि भएको निष्कर्ष निकालिएको थियो ।

### ४.२.१ TIP निर्माण पश्चात विद्यार्थीको सिकाई उपलब्धिको अवस्था

नमूना छनौट परेका विद्यालयमा TIP निर्माण गरि अध्यापन गर्ने शिक्षकहरूले पढाउने विषय र सिकाई उपलब्धिको अवस्था निम्नानुसार छ :

तालिका नं. १: TIP निर्माण पश्चात विद्यार्थीको सिकाई उपलब्धिको अवस्था

| क.सं. | विद्यालयको र शिक्षक | कक्षा | विषय | मौजुदा अवस्था | लक्ष्य | प्राप्ति |
|---|---|---|---|---|---|---|
| १ | श्री जनकल्याण प्रा.वि. | २ | अंग्रेजी | ४०% | ४०% | ४५ % |
| | वरडाँडा हातिखर्क-५ | ३ | विज्ञान | ३५ % | ५० % | ३८ % |
| | | ४ | अंग्रेजी | ४० % | ५५ % | ४५ % |
| २ | श्री सरस्वती नि.मा.वि. | २ | नेपाली | ५४ % | ६० % | ५३.८० % |
| | मजुवा परेवादिन -६ | ३ | नेपाली | ५५ % | ६५ % | ८९.६५ % |
| | | ४ | सामाजिक | ४८.०९ % | ५५ % | ६४.१२ % |
| ३ | श्री सिंहदेवी मा.वि. | २ | नेपाली | ५६.०८ % | ६० % | ६४.७८ % |
| | आहाले मुर्तिढुङ्गा | ३ | नेपाली | ४८ % | ५५ % | ५६.६७ % |
| | | ५ | गणित | ४६ % | ५५ % | ५४.५० % |
| ४ | श्री जनाता मा.वि. | ४ | गणित | ३६.०५ % | ४० % | ४५.१६ % |
| | निगाले मूर्तिढुङ्गा -९ | ५ | गणित | ३६.३१ % | ४० % | ४२.६८ % |
| | | ५ | सामाजिक | ४२.०६ % | ४५ % | ४२.४५ % |

स्रोत : विद्यालय अभिलेख

माथिको आँकडामा विद्यालय १ मा TIP ले राखेको लक्ष्य पूर्ण रुपमा प्राप्त नभएता पन मौजुदा अवस्थामा सुधार आएको छ । त्यसरी नै विद्यालय २ का शिक्षकले निर्माण गरि अपेक्षा गरेका लक्ष्य सामान्य रुपमा प्राप्त हुन खोजको देखिदा एक विषयमा मौजुदा अवस्था भन्दा कम प्राप्ती भएको छ । विद्यालय ३ मा TIP ले राखेको लक्ष्यहरू सामान्यत पुरा भएको छ भने विद्यालय ४ मा लक्ष्यित गरेका उपलब्धि सामान्य तया पुरा भएको छ । यसरी शिक्षकहरूले बनाएको TIP ले राखेका लक्ष्यहरू पूर्ण रुपमा प्राप्त नभएता पनि मौजुदा अवस्थामा प्रगति हुन TIP ले सिकाई उपलब्धिमा सकारात्मक प्रभाव पारेको ठान्न सकिन्छ ।

### ४.२.२ शिक्षक र विद्यर्थीको औषत उपस्थितीदर

TIP निर्माण पूर्व र पश्चात शिक्षक र विद्यार्थीको उपस्थितीलाई निम्नानुसार देखाईको छ :

तालिका नं. २ : शिक्षक र विद्यर्थीको औषत उपस्थितीदर

| क.सं. | विद्यालयको नाम | TIP निर्माण पूर्वको अवस्था | | TIP निर्माण पश्चातको अवस्था | |
|---|---|---|---|---|---|
| | | विद्यार्थी उपस्थिति % | शिक्षक उपस्थिति % | विद्यार्थी उपस्थिति% | शिक्षक उपस्थिति% |
| १ | श्री जनकल्याण प्रा.वि. | ६५.९०% | ८५% | ७५% | ८६.३६ % |
| २ | श्री सरस्वती नि.मा.वि. | ६४.०१ % | ८८ % | ६८.१८ % | ८८.६३ % |
| ३ | श्री सिंहदेवी मा.वि. | ७४ % | ८६ % | ७९.५४ % | ८७.२७ % |
| ४ | श्री जनाता मा.वि. | ७६ % | ८६ % | ७७.७२ % | ८६.८१ % |

स्रोत : विद्यालय अभिलेख

प्रस्तुत तालिकामा सिधुवा श्रोतकेन्द्र अन्तर्गत नमूना छनौटमा परेका विद्यालयहरुको TIP निर्माण पूर्व तथा TIP निर्माण पश्चातको शिक्षक/विद्यार्थी उपस्थिति दर उल्लेख गरिएको छ । माथि उल्लेखित तालिका अनुसार प्रायः सबै विद्यालयमा विद्यार्थी उपस्थितिमा TIP पूर्व भन्दा TIP निर्माण गरी शिक्षण गरिन थाले पश्चात नियमिततामा सुधार आएको TIP निर्माण गर्ने शिक्षकहरुमा पनि उपस्थिति दरमा सुधार आएको छ । औषतमा TIP निर्माण पूर्व विद्यार्थी उपस्थितीदर ६९.९७ थियो भने TIP कार्यान्वयन

पश्चात ७५.११ र शिक्षकको उपस्थिती क्रमशः ८६.२५ र ८७.२६ प्रतिशत रहेको छ। जसबाट TIP ले शिक्षक र विद्यार्थीलाई नियमीतता गराउन सकारात्मक भूमिका खेलेको प्रष्ट हुन्छ।

### ४.२.३ विद्यार्थीको कक्षा छाड्नेदर

नमुना छनौटमा परेका विद्यालयको TIP निर्माण पूर्व र पश्चात कक्षा छाड्ने विद्यार्थीको संख्या तथा दरलाई निम्नानुसार देखाउन सकिन्छ :

तालिका नं. ३ : विद्यार्थीको कक्षा छाड्नेदर

| क.स. | विद्यालयको नाम | TIP निर्माण पूर्वको अवस्था | | | TIP निर्माण पछिको अवस्था | | |
|---|---|---|---|---|---|---|---|
| | | जम्मा विद्यार्थी | कक्षा छाड्ने संख्या | कक्षा छाड्नेदर | जम्मा विद्यार्थी | कक्षा छाड्ने संख्या | कक्षा छाड्नेदर |
| १ | जन कल्याण प्रा.वि. वरडाँडा | ६७ | ८ | ११.९४% | ६४ | ५ | ७.८१% |
| २. | सरस्वती नि.मा.वि. मजुवा | १७४ | १५ | ८.६२% | १५८ | ९ | ५.६९% |
| ३ | सिंहदेवि मा.वि.आहाले | १६९ | १२ | ७.१०% | १६४ | ८ | ४.७८% |
| ४ | जनता मा.वि. निगाले | १३१ | १० | ७.६३% | ११८ | ७ | ५.९३% |
| | | औषत | | ८.८२% | औषत | | ६.०७% |

स्रोतः विद्यालय अभिलेख

प्रस्तुत तालिकामा नमुना छनौटमा परेका विद्यालयहरूको TIP निर्माण पूर्व ६ महिनाको अवधिमा कक्षा छाड्ने विद्यार्थीको दर र TIP निर्मण पश्चात कार्यान्वयन गर्दाको ६ महिनाको अवस्थालाई देखाईएको छ । माथिको तथ्याङ्क अनुसार अघिल्लो बर्षमा सबै विद्यालयमा विद्यार्थी संख्या पनि धेरै रहेको र कक्षा छाड्ने विद्यार्थीको सख्या पनि धेरै रहेको औषतमा कक्षा छाड्ने विद्यार्थीदर ८.८२% रहेको थियो भने TIP निर्माण तथा कार्यान्वयन पश्चात विद्यार्थी संख्या थोरै रहेको भएतापनि औषतमा ६.०७% मात्र कक्षा छाडने दर प्रष्ट भएको छ ।

## ४.३ शिक्षक सुधार योजनाको कार्यान्वयनमा देखिएका समस्याहरू

टिपीडी तालिम लिएका शिक्षकहरू प्राय सबैले TIP निर्माण गरेको पाइयो भने स्रोतव्यक्तिबाट संगलित विचार अनुसार केहि शिक्षकहरूले TIP मा भाग नलिनुमा विद्यालयमा दरबन्दि कम भई अध्यापन कार्यमा अल्झिनु, घरायसी कारण एवम् शिक्षकहरू Ready made तालिममा बानी परेकाले साथै शिक्षकहरू पेशाप्रति जवाफदेहि नभएको आरोप समेत लागाएका छन् । उनका अनुसार TIP अनुसारको लक्ष्य प्राप्ती नहुनु अर्थात TIP कार्यान्वयनमा समस्या देखिनु, TIP निर्माण सहि, राम्रो र वास्तविक नमुनु, TIP मा महत्वकाँक्षी अपेक्षित लक्ष्यहरू उल्लेख हुनु, TIP अनुसार पूर्णरुपमा शिक्षक जानकार नहुनु, TIP अनुसार अध्यापन गर्न शिक्षकले अल्छि मान्नु र TIP लाई सकारात्मक रुपमा नलिनुलाई समसयको रुपमा उल्लेख गरेका छन् ।

नमुना छनौटमा परेका विद्यालयका प्र.अ. हरूका अनुसार विद्यालय क र घ ले विद्यार्थीहरूको अनियमितता, आधुनिक शिक्षण सामग्री र विधिको अभाव तथा विद्यालय ख र ग का अनुसार शिक्षण योजनाको निर्माणमा कमी, शैक्षिक सामग्रीको अभाव हुनु, विद्यार्थीहरूलाई कक्षा कार्यमा सहभागी गराउन नसक्नु र विद्यार्थीप्रति अभिभावकको ध्यान नपुग्नु आदिलाई TIP कार्यान्वयन देखिएका समस्या भएको प्र.अ.हरूको प्रतिक्रिया रहेको छ ।

शिक्षकबाट संकलित तत्थ्याङ्क एवं विचार अनुसार TIP कार्यान्वयनमा विद्यार्थीको अनियमिततालाई प्रमुख समस्याको रुपमा दर्शाएका छन् भने शैक्षिक सामग्रीका अभाव, आधुनिक शिक्षण विधिको ज्ञान नहुनु, सरकारले समयमा नै पाठयपुस्तको उपलब्ध गराउन नसक्नु, पाठयक्रम र शिक्षक निर्देशिका अभाव हुनु, विद्यार्थीहरूको घरायसी वातावरण शैक्षिक नहुनु साथै थोरै दरबन्दि भएकोले बहुकक्षा शिक्षण गर्नु पर्ने एव शिक्षण सिकाई

क्रियाकलापमा पूर्ण समय दिन नसक्नु, विद्यार्थीप्रति अभिभावको रेखदेख नहुनु, आवश्यक पृष्ठपोषणको अभाव, विद्यार्थी संख्या धेरै भएको अवस्थामा TIP को लक्ष्य प्राप्त नहुनुमा बाधा उत्पन्न हुने तत्वहरू हुन ।

विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू अनुसार विद्यालय एवं घरपरिवारको वातावरण अनुकुल नहुनु, TIP निर्माण गरिएको भएतापनि अन्य एकाई योजना दैनिक पाठयोजनाको तयारी विना नै शिक्षण गरिनु विद्यार्थी नियमित रूपमा अध्ययन कार्यमा संलग्न नुहुन भौतिक एवं शैक्षिक सामग्रीको अभाव हुनु तथा शिक्षण कार्यमा शिक्षक हेलचेक्रयाई आदिले TIP कार्यान्वयनमा समस्या देखाई अपेक्षित लक्ष्य हाँसिल हुन नसकेको प्रतिक्रिया प्राप्त भएको छ ।

शिक्षण सुधार योजनाले सिकाई उपलब्धिमा पारेको प्रभाव विषयमा भएको नमुना जनसंख्याको सामुहिक छलफलबाट TIP कार्यान्वयमा देखिएको समस्या एवम अपेक्षित लक्ष्य हासिल नहुनमा कक्षा कोठाको भौतिक व्यवस्थापनमा देखिएको कमजोरी बालमैत्री तथा समावेशी शिक्षणको अभाव, विद्यार्थीहरू समयावधिभर कक्षाकोठामा नबस्ने, विद्यार्थीहरूलाई घरमा अध्ययनसील वातावरण उपलब्ध नहुनु उचित विधि र सामग्रीको छनौट गरि योजनाबद्ध शिक्षणको अभाव हुनु सम्बन्धित निकायहरूबाट निरन्तर अनुगमन नहुनु जस्ता निष्कर्षहरू निकालिएको थियो ।

### ४.३.१ शिक्षक तथा विद्यार्थी संख्या

TIP कार्यान्वयमा देखिएका समस्या एवं लक्षित उपलब्धि हासिल हुन नसक्नुमा शिक्षक र विद्यार्थी संख्याले प्रत्यक्ष प्रभाव पार्ने भएकोले शैक्षिक सत्र २०६८ मा नमूना छनोटमा परेका विद्यालयका शिक्षक तथा विद्यार्थी संख्या निम्नानुसारको देखाइएकोछ ।

तालिका नं. ४ : शिक्षक तथा विद्यार्थी संख्या

| | जनकल्याण प्रा.वि. | सरस्वती नि.मा.वि. | सिंहदेवी मा.वि. | जनता मा.वि. |
|---|---|---|---|---|
| शिक्षक संख्या | ४ | ५ | ४ | ५ |
| कक्षा १ | १२ | २३ | ३२ | २७ |
| कक्षा २ | १५ | ३१ | २९ | १८ |
| कक्षा ३ | ११ | ३५ | २८ | २९ |
| कक्षा ४ | २० | २९ | ४३ | १९ |
| कक्षा ५ | ६ | ४० | ३२ | २५ |
| जम्मा | ६४ | १५८ | १६४ | ११८ |

स्रोत: विद्यालय अभिलेख

प्रस्तुत तालिकामा सिधुवा श्रोतकेन्द्र अर्न्तगत नमुना छनोटमा परेका विद्यालयहरुको चालु शैक्षिक सत्र २०६८ को शिक्षक तथा विद्यार्थी संख्याको तथ्याङ्क प्रस्तुत गरिएको छ। उक्त तथ्याङ्क अनुसार विद्यालय १ मा शिक्षक विद्यार्थी अनुपात १:१६, विद्यालय २ मा शिक्षक विद्यार्थी अनुपात १:३१.६ विद्यालय ३ को १:४१ र विद्यालय ४ को शिक्षक विद्यार्थी अनुपात १:२३.६ रहेको छ। TIP निर्माणमा राखिएको लक्षियत उपलब्धि हासिल गर्न शिक्षक विद्यार्थी अनुपातले प्रत्यक्ष प्रभाव पर्ने अवस्था हुन्छ। जति विद्यार्थी संख्या कम भयो त्यति नै शिक्षकले सबै विद्यार्थीहरुलाई राम्ररी निरागनी राख्न, सबैलाई सिकाइ क्रियाकलापमा समान अवसर प्रदान गर्न पाउने हुनाले सिकाइ उपलब्धिमा बृद्धि हुन सक्ने हुन्छ।

### ४.३.२ भौतिक तथा शैक्षिक सामग्रीको सुविधाहरू

शिक्षाको लक्ष्य तथा उद्देश्यहरू प्राप्त गर्न विषयवस्तुसँग सम्बन्धित कक्षाकोठामा शिक्षण सिकाई क्रियाकलाप सचालन गर्दा प्रयोग गरिने साधार नै शैक्षिक सामग्री भएको र शिक्षण सिकाई क्रियाकलाप प्रति विद्यार्थीको आकर्षण बढाउन विषयवस्तुलाइ अर्थपूर्ण र ज्ञानवर्द्धक बनाउन शैक्षिक सामग्रीको अहम भुमि रहेको हुन्छ। TIP ले लक्षित उपलब्धिहरू प्राप्त गर्न एवम TIP कार्यन्वयनमा सहजता प्रदान गर्न शैक्षिक सामग्री निरविकल्प साधान भएकोले यस अध्ययनमा शैक्षिक सामग्रीको अभावबाट TIP ले राखेको लक्ष्य हासिल पूर्ण रुपमा हुन नसकेको एव TIP अनुसार योजनाबद्ध शिक्षण गर्न शैक्षिक सामग्रीको अभाव रहेको प्रतिक्रिया प्राप्त भएको साथै शिक्षण सिकाई क्रियाकलपा सफल र प्रभावकारी बनाउन एवम TIP को उद्देश्य हासिल गर्न उपयुक्त किसिमको भौतिक सुविधाले पनि असर पार्दछ। नमूना छनौटमा परेका विद्यालयहरूको वर्तमान भौतिक सुविधा एवं शैक्षिक सामग्रीको अवस्थालाई अनुसूची ९ मा राखीएको छ।

## ४.४ शिक्षण सुधार योजनालाई प्रभावकारी बनाउने उपयाहरू

शिक्षण सुधार योजनाले सिकाई उपलब्धिमा पारेको प्रभाव भन्ने विषयमा अध्ययन गर्ने क्रममा शिक्षण सुधार योजनाको कार्यन्वयनमा देखिएका समस्याहरू र TIP अपेक्षा गरेका लक्ष्यहरू पूर्ण रूपमा हासिल हुन नसकेका कारणहरूको पहिचान भई सके पछि

सामधानको लागि नमुना छनौटमा परेका जनसंख्या एवम अभिलेखहरूबाट प्राप्त भएको उपयाहरूलाई निम्नानुसार विश्लेषण गरिएको छ :

स्रोतव्यक्तिबाट प्राप्त भएको उपायहरूमा TIP मा उल्लेखित लक्ष्य हासिल गर्न TIP निर्माण प्रयोग र उपलब्धि समिक्षामा जोड दिनु पर्ने वि.नि., स्रोतव्यक्ति र प्र.अ. हरूले विद्यालयमा TIP सम्बन्धमा अनुगमन अवलोकन गर्नु पर्ने विद्यार्थीहरूलाई नियमित गराउनु पर्ने शैक्षिक सामग्रीको निर्माण र प्रयोगमा जोड दिनु पर्ने उपयुक्त प्रकारको विधि चयन गरी विद्यार्थी केन्द्रीत शिक्षण हुनु पर्ने , विद्यालयको भौतिक तथा शैक्षिक बातावरण शिक्षण अनुकुल हुनु पर्ने एवम शिक्षकहरू आफ्नो पेशाप्रति उत्तरदायि हुनु पर्ने कुराहरूमा जोड दिएको पाइएको छ ।

TIP ले निर्दिष्ट गरिएको सिकाई उपलब्धि हाँसिल गर्न एवम TIP कार्यन्वयनलाइ सफल पार्न शिक्षकहरूले सक्रियका साथ शैक्षिक सामग्रीको निर्माणमा प्रयोग गर्नु पर्ने विद्यालयको भौतिक वातावरण एवं शैक्षिक वातावरण अनुकुल हुनु पर्ने शिक्षकहरूले बाल मनोस्थिती बुझी शिक्षण कार्य सञ्चालन गर्नु पर्ने बालमैत्रिपूर्ण कक्षा व्यावस्थापन हुनु पर्ने विद्यार्थी विद्यालयमा नियमितता बढाउन एवम समय अवधि भर कक्षामा रहन प्रेरित गर्ने सरोकारवालाहरूसँग अन्तरक्रिया गोष्ठी एवम जनचेतना मुलक कार्य गर्नु पर्ने धारणा प्र.अ. हरूले व्यक्त गरेका छन् ।

प्रश्नावली मार्फत संकललित शिक्षकहरूको धारण अनुसार TIP कार्यान्वयनमा देखिएका समस्याहरूको बारेमा स्टाप बैठक एवम वि.व्य.स.को वैठकमा छलफल गरी समाधान खोजने प्र.अ.हरूले समस्या समाधानमा सहयोग गर्नु पर्ने विद्यालय प्रशासनले आवश्यकता अनुसारको शैक्षिक सामग्री र भौतिक पक्षको सुधार गर्नु पर्ने पाठ्यक्रम एवं निर्देशिको व्यवस्था हुनु पर्ने पाठ्यपुस्तक एवम अन्य सन्दर्भ सामग्री समयमा नै उपलब्ध हुनु पर्ने पाठ्यपुस्तकमा समयअनुसार आवश्यक परिमार्जन र परिर्वतन गरिनुपर्ने सम्मबन्धित निकायबाट आवश्यक सुपरिवेक्षण र अनुगमन गर्नु पर्ने आदि प्रतिक्रियाहरू प्राप्त भएको छ ।

वि.व्य. पदाधिकारीहरूले TIP अनुसार अपेक्षित सिकाई उपलब्धि हासिल गर्न विद्यार्थीहरूलाई नियमित गराउनु पर्ने शिक्षण सिकाईमा आधुनिकीकरण गर्ने विद्यालयमा शैक्षिक बातावरण निर्माण गर्न भौतिक व्यवस्थापनमा ध्यान पुऱ्याउनु पर्ने शिक्षक विद्यार्थी एवं अभिभावकले आफ्नो दायित्व पुरा गर्नु पर्ने तालिम प्राप्त शिक्षक लगायत अन्य सबैले

बालमैत्रि शिक्षण एवम कक्षा छाड्ने दरमा न्यूनिकरण गर्न सक्नेमा TIP ले निर्दिष्ट गरेको उपलब्धि हासिल हुन सक्ने र TIP कार्यान्वयमा सहजता हुने प्रतिक्रिया दिएका छन् ।

TIP कार्यान्वयनमा समस्या समाधान गर्ने उपायहरूको पहिचान गर्न नमुना छनौटमा परेका जनसंख्याहरूको सामुहिक छलफलबाट विद्यार्थीको नियमिता वृद्धि गर्न दिवा खाजा एवं विद्यालय पोशाकको व्यवास्था सरकारी तवरबाट हुनु पर्ने, छात्रवृत्तिको व्यवस्था हुनुपर्ने, अभिभावकहरूलाई चेतना मुलक कार्यक्रम गरी शैक्षिक प्रचार प्रचार गर्नु पर्ने TPD तालिम पश्चात शिक्षकहरूले अनिवार्य रूपमा परियोजना कार्य TIP निर्माण गर्नु पर्ने त्क्ष्ए को कार्यान्वयनमा विशेष ध्यान दिनु पर्ने विद्यार्थीहरूलाई नियमित कक्षा कार्य र गृहकार्य दिनु पर्ने वि.व्य.स. स्रोत केन्द्र एवं सम्बन्धित निकायहरूबाट शिक्षणकार्यको अनुगम एवं पृष्ठपोषण दिनु पर्ने बालमैत्रि एवम समावेशि कक्षा शिक्षण हुनु पर्ने विद्यार्थीको रुची एव चाहना अनुरुपको शिक्षण विधि र सामग्रीको प्रयोग हुनु पर्ने निष्कर्षहरू निकालिएको छ ।

# परिच्छेद पाँच : प्राप्ती निष्कर्ष र सुझावहरु

विद्यालयको समग्र विकास भन्नुनै शैक्षिक प्रगतिका सूचकहरुमा वृद्धि एवं सुधार हुन हो । यसका लागि विद्यालयको भौतिक पक्ष शैक्षिक पक्ष आर्थिक पक्ष लगायत समाजिक पक्षमा उल्लेखनिय विकास हुनुपर्दछ । उल्लेखित पक्षहरुमा के कति सुधार भयो वा भएन भनि बुझ्ना र  शिक्षण सिकाई क्रियाकलपलाई दीर्घकालीन र प्रभावकारी बनाउन TPD तालिम प्राप्त शिक्षकहरुले निर्माण गर्ने TIP एक प्रमुख साधानको रुपमा लिइन्छ । TPD तालिम प्रप्त शिक्षकहरुले निर्माण गरेको TIP मा उल्लेखित सिकाई उपलब्धिहरुमा परेको प्रभावको अध्ययन गर्न विभिन्न प्रकारका तथ्याङ्हरु संकलन गर्ने कार्य सम्पन्न भयो । ति तथ्याङ्हरु संकलन गर्नेका लागि स्थलगत रुपमा नमूना छनौटमा परेका प्रत्येक विद्यालयमा गएर प्र.अ  शिक्षक वि.व्य.स पदधिकारी अभिभावक एवं विद्यार्थीहरुको आधिकारीक धारणहरुबाट तथ्याङ्ग संकलन गर्नेकार्य भएको थियो । त्यस्तै गरी विद्यालयप्रति सरोकार राख्ने स्रोतव्यक्ति सँग प्रश्नावलीबाट शिक्षण सुधार योजनाले सिकाइ उपलब्धिमा पारेको प्रभावको बारेमा तथ्याङ्क तथा धारणा संकलन गर्ने कार्य भएको थियो ।

## ५.१. प्राप्ति

यस अध्ययनको (तथ्याङ्क र धारणा संकलन गर्ने) क्रममा नमुना छनोटमा रहेका विद्यालयहरुमा स्थलगत रुपमा जाँदा TIP ले सिकाइ उपलब्धिमा पारेको प्रभावबारे संकलित तथ्याङ्कहरु एवं विचारहरुको विश्लेषणबाट प्राप्त भएका प्राप्तिहरुलाई अनुच्छेदमा उल्लेख गरिएको छ ।

TPD तालिम प्राप्त गरेका प्राय सबै शिक्षकहरुले TIP निर्माण गरेको पाइएको छ । TIP मा उल्लेखित लक्ष्य हासिल गर्न शिक्षकहरुले उचित प्रकारको शैक्षिक सामग्री र विधिको प्रयोग गरी शिक्षण गर्ने प्रयास गरेको पाइएको छ । TIP निर्माण गरी कार्यालय वा कक्षाकोठामा टाँसिएको पाइएको भएता पनि त्यसलाई औपचारिकताको रुपमा मात्र ठान्ने भएकोले उचित र प्रभावकारी  नभएको पाइएको छ ।

विद्यार्थीको अनियमितता र असमान सहभागिताको कारणबाट TIP मा उल्लेखित लक्ष्य हासिल हुन वाधा पुगेको, वाधा तथा समस्या समाधानका लागि अभिभावक, विद्यालय प्रशासन एवं सम्बन्धित निकायले जिम्मेवारीपूर्ण रुपमा सक्रिय रहनुपर्ने धारणा पाइएको छ ।

शिक्षा प्रणालीलाई सफल पार्न र सिकाइलाई व्यवहारिक बनाउने हैसियतले समयसापेक्ष शिक्षकहरुलाई तालिम दिनुपर्ने आसयहरु पाइएको छ ।

TPD तालिम पश्चात शिक्षकहरुले परियोजना कार्य कार्यमूलक अनुसन्धान, मामला अध्ययन लगायत TIP निर्माण गरी तालिममा सिकेका सीप, क्षमतालाई कक्षाकोठामा प्रयोग गर्न शिक्षकहरु उत्सुक रहेको पाइएको छ । TIP निर्माण पश्चात योजनाबद्ध ढंगबाट शिक्षण गर्दा मौजुदा अवस्थामा सुधार आएको, विद्यार्थी नियमितता र सहभागितामा सुधार आएको एवं विद्यार्थीको शैक्षिक अवस्थामा विकसित हुन थालेको पाइएको छ ।

## ५.२. निष्कर्ष

धनकुटा जिल्लाको विभिन्न श्रोतकेन्द्रहरु मध्ये सिधुवा स्रोतकेन्द्र अर्न्तगतका ४ वटा विद्यालयहरुलाई नमूना छनोट गरी सो विद्यालयहरुका TPD तालिमप्राप्त गरेका शिक्षकहरुलाई नमूना छनौट गरी उनीहरूले निर्मण गरेका TIP ले सिकाई उपलब्धिमा पारेको प्रभावबारे अध्ययन अनुसन्धान गरिएको थियो । उक्त अनुसन्धानबाट TIP निर्माणमा देखिएका समस्याहरु कार्यान्वयनमा देखिने समस्या, समाधानका उपायहरुको पहिचान गरी विश्लेषणात्मक अध्ययनबाट माथि उल्लेखित शीर्षकहरु निकालिएका छन् ।

TIP निर्माण पश्चात सो अनुसार शिक्षण सिकाइ क्रियाकलाप गर्दा विद्यार्थी नियमिततामा सुधार आएको, विद्यार्थीहरुको समान सहभागिमा बृद्धि भएको विद्यार्थी सिकाइ उपलब्धिको मौजुदा अवस्थामा सामान्य रुपमा सुधार भएको पाइएको छ । TIP मा उल्लेखित लक्ष्यपूर्ण रुपमा प्राप्त हुन नसक्नुमा विद्यालयमा उपलब्ध शैक्षिक सामग्री अपुग हुनु विद्यार्थीहरुको नियमितता कम हुनु विद्यार्थीहरु प्रति अभिभावकको जिम्मेवारीमा कमी हुनु उपयुक्त भौतिक तथा कक्षाकोठा व्यवस्थापनको अभाव हुनु आधुनिक शिक्षण विधिको ज्ञान शिक्षकलाई नहुनु, सन्दर्भ सामग्री शिक्षक निर्देशिकाको अभाव हुनु, समयमा नै पाठ्यपुस्तक उपलब्ध नहुनु वालमैत्री शिक्षण प्रणालीको उपायोग नहुनु, निरन्तर मूल्याङ्कन प्रणाली अनुरुप उदार कक्षोन्नती नीति लागु हुनु र समग्रमा शिक्षा प्रणाली देषी रहेको शिक्षकहरुको ठम्याई रहेको पाइयो । त्यसैगरी TPD तालिम प्राप्त शिक्षकहरुको कार्य दक्षतामा बृद्धि भएको शैक्षिक समाग्री निर्माण र प्रयोगमा तालिमबाट निर्देशन एवं सल्लाह शिक्षकहरुले पाएको भनाई पाइएको छ ।

## ५.३ सुझावहरु

धनकुटा जिल्लाको सिधुवा स्रोतकेन्द्र अर्न्तगतका विद्यालयहरु मध्ये ४ वटा नमूना छनोट गरि शिक्षण सुधार योजनाले सिकाइ उपलब्धिमा पारेको प्रभावबारेमा अध्ययन गर्दा TIP कार्यान्वयनमा र TIP मा उल्लेखित लक्ष्य प्राप्तिमा देखिएका समस्याहरु समाधानका लागि निम्नानुसारका सुझावहरु प्रस्तुत गरिएको छ ।

१.शिक्षकको रुचि, चाहना र अवश्यकता अनुसारको तालिमको व्यवस्था गर्ने ,

२. TIP निर्माण , प्रयोग र औचित्यबारे शिक्षकलाई पूर्ण जानकारी गर्ने,

३. विद्यार्थीको नियमितताका लागि दिवा खाजा, छात्रबृति पोशाकको व्यवस्था गर्ने,

४. शैक्षिक सामग्री निर्माण र प्रयोगमा विशेष जोड दिने,

५. विषयगत रुपमा देखापरेका समस्याहरुलई शिक्षकहरु बीच छलफल गरी समस्यालाई सुल्झाउने ।

६. शैक्षिक सामग्री शिक्षक निर्देशिका, सम्दर्भ सामग्री पाठ्यपुस्तक समयमा नै उपलब्ध गराउने ,

७. आधुनिक शिक्षण विधिहरुको छनोट र प्रयोग गर्ने,

८. भौतिक तथा कक्षा व्यवस्थपन बालमैत्री हुनुपर्ने,

९. रोष्टर प्रशिक्षक श्रोतव्यक्तिहरुबाट अवश्यक अनुगमन र पृष्ठपोषण दिने,

१०. प्र.अ. तथा विद्यालय प्रशासनबाट अवश्यक सहयोग गर्ने,

११. विद्यार्थी नियमितताका लागि अभिभावकहरुलाई जनचेतना भूलक कार्यक्रम गर्ने,

१२. लक्ष्यित समूहलाई ध्यानमा राखि शैक्षिक नीति नियम निर्माण गर्ने,

१३. अध्ययन अध्यापन मूखि शैक्षिक वातावरणले विद्यालयलाई सक्षम बनाउने,

१४. बालकको उमेर अनुसार फर्निचर, खेलमैदान, प्रयोगशाला आदि निर्माण गर्ने,

# सन्दर्भ सामग्री


अधिकारी, विष्णुप्रसाद (२०६८), *माध्यमिक तह अध्यापन अनुमति पत्र परीक्षा दर्पण,* काठमाडौँ, आशिस बुक्स हाउस प्रा.लि. बागबजार ।

काफ्ले, वासुदेव र अन्य (२०६०), *शैक्षिक योजना,* काठमाण्डौ : भुँडिपुराण प्रकाशन ।

कोइराला, विद्यानाथ र पोखेल, हरिप्रसाद (२०६६), *शैक्षणिक मूल्यांकन,* काठमाण्डौ : पिनाकल पब्लिकेशन प्रा.लि. ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रवहादुर (२०६३), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार, ।

खनाल, पेशल (२०६४), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाण्डौ : सनलाईट पब्लिकेशन ।

थापा, दिपक (२०६८), *शिक्षक मासिक,* ललितपुर, ज्ञानविज्ञान सहकारी संस्था लि.; जाउलाखेल ।

देवकोटा, चित्रप्रसाद र अन्य (२०६७), *शिक्षा कक्षा ९ र १०,* भक्तपुर : जनक शिक्षा सामग्री केन्द्र लि. ।

निरौला, यादवचन्द्र (२०६२), *प्राविधिक सहायक दिग्दर्शन,* काठमाण्डौ : मकालु बुक्स एण्ड स्टेशनर्स, पुतलिसडक ।

भट्टराई, लेखनाथ (२०६७), *सामुदायिक विद्यालयमा शैक्षणिक योजनाको प्रभावकारीता* एम.एड. द्वितिय अप्रकाशित शोधपत्र, इन्द्रपुर मोरङ : सुकुना वहुमुखी क्याम्पस ।

शर्मा, चिरञ्जिवी र निर्मला (२०६१), *शिक्षाको दर्शनसास्त्रीय र समाजशास्त्रीय आधार,* काठमाडौँ; एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स, भोटाहिटी ।

शै.ज.वि.के. (२०६६), *शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका,* सानोठिमी भक्तपुर ।

# शिक्षण सुधार योजनाले सिकाइ उपलब्धिमा पारेको प्रभाव

## अनसुचि १

सिंधुवा श्रोतकेन्द्र धनकुटा अन्तर्गतका विद्यालयहरु

| | |
|---|---|
| १. जनसेवा प्रा.वि. खमारे | २. शारदा मा.वि. बोझेनी |
| ३. भारती उ.मा.वि. हातिखर्क | ४. जनकल्याण प्रा.वि. बरडाँडा |
| ५. किरातेश्वर प्रा.वि. हातिखर्क | ६. सल्ले प्रा.वि. सल्ले |
| ७. लक्ष्मी मा.वि. सल्ले | ८. जनज्योती प्रा.वि. बागमारा |
| ९. सरस्वती उ.मा.वि. सिधुवा | १० सरस्वति उ.मा.वि मजुवा |
| ११ भिमेश्वरी नि.मा.वि. परेवादिन | १२ महाकालि नि.मा.वि तामलिङ्ग |
| १३. श्री प्रा.वि. नामजाङ | १४. पञ्चकन्या प्रा.वि.रोटेआहल |
| १५. सिंहदेवी प्रा.वि. परेवादिन | १६. आधारभूत प्रा.वि. परेवादिन |
| १७. दिव्यश्वरी प्रा.वि. परेवादिन | १८. जनज्याती प्रा.वि. परेवादिन |
| १९. अमर ज्याती प्रा.वि परेवादिन | २०. बालविकास प्रा.वि. परेवादिन |
| २१. राम उ.मा.वि. गणेशटाहार | २२. जनता मा.वि. निगाले |
| २३. सिंहदेवी मा.वि. आहाले | २४. मुर्ति महेश्वर मा.वि. कौलचौर |
| २५. महामाया प्रा.वि. सल्लेरी | २६. सिंहवाहिनी प्रा.वि. कटहरे |
| २७. जालपादेवी प्रा.वि. जरिङ्गेली | २८ जनकल्याण प्रा.वि. घुरघुरे |
| २९. रामवेनी प्रा.वि. देउराली | ३०. लालिगुराँस प्रा.वि. गराँस डाँडा |

## शिक्षण सुधार योजनाले सिकाइ उपलब्धिमा पारेको प्रभाव

### अनुसूची -२

नमूना छनोट विद्यालयका प्र.अ. शिक्षक, विद्यार्थी, अभिमावक, वि.व्य.स. पादाधिकारी एवं श्रोतव्यक्तिको नामावली

| क्र.सं | विद्यालयको नाम | प्रअ. | शिक्षक | वि.व्य.स. पदाधिकारी | विद्यार्थीहरु | अभिभावकहरु | श्रोतव्यक्ति |
|---|---|---|---|---|---|---|---|
| १ | जनकल्याण प्रा.वि. बरडाँडा हातिखर्क-५ | दुर्गादेवी अधिकारी (रायमाझी | मेनुका कार्की | भरतमान कार्की अध्यक्ष | भुपाल कार्की स्मृति लिम्बू | चक्र कार्की काजी कटुवाल | डमराज ओक्लेन |
| २ | सरस्वती नि.मा.वि. मजुवा परेवादिन-६ | टेकमणी पौडेल | मिना अधिकारी | युवारज थापा सदस्य | जनक विष्ट कल्याण श्रेष्ठ | गोपाल बिष्ट शेखर थापा | |
| ३ | सिंहदेवी मा.वि. आहाले मूतिढुङ्गा-२ | डम्बर ब. भण्डारी | खड्ग ब. कार्की | अर्जुन भण्डारी अध्यक्ष | भूपाल थापा सीता काफ्ले | कमला बराल युवराज काफ्ले | |
| ४ | जनता मा.वि. निगाले मुतिढुगा-९ | लोकबहादुर थापा | डिल्लीराम खड्का | तुल ब. मगर अध्यक्ष | किरण बराल विनिता मगर | ज्ञानेन्द्र पौडेल राधिका भुजेल | |

# शिक्षण सुधार योजनाले सिकाइ उपलब्धिमा पारेको प्रभाव

अनुसूची -३

TIP को नमुना

## TIP को नमुना

शिक्षकको नाम: .............................  विद्यालयको नाम: ..........................

अवधि:.........................

| क्र.स. | सूचक | मौजुदा स्थिति (Baseline) | अपेक्षित लक्ष्य | लक्ष्य पूरा गर्न सम्पादन गर्ने मुख्य कार्यहरू | प्रगति* | |
|---|---|---|---|---|---|---|
| | | | | | उपलब्धि | कार्यसम्पादन अनुभव |
| १ | विद्यार्थीको औसत उपलब्धि/प्राप्ताङ्क (अध्यापन गर्ने मुख्य ३ विषयहरू) | | | | | |
| क | कक्षा ....... /विषय ....... | | | | | |
| ख | कक्षा ....... /विषय ....... | | | | | |
| ग | कक्षा ....... /विषय ....... | | | | | |
| २ | स्वमूल्याङ्कनका आधारमा शिक्षणमा शैक्षणिक सामग्री प्रयोगका स्थिति (न्यूनबाट उच्चतहको दरमा १, २, ३, ४ मा मापन गर्ने) | | | | | |
| ३ | प्रतिदिन क्रियाकलाप विवरण तयारीसहितको शिक्षण गरेको पाठ सङ्ख्या | | | | | |
| ४ | स्वमूल्याङ्कनका आधारमा प्रभावकारी शिक्षणका निमित्त विद्यालय प्रअबाट प्राप्त सहयोगको स्थिति (न्यूनबाट उच्चतहको दरमा १, २, ३, ४ मा मापन गर्ने) | | | | | |
| ५ | स्रोतव्यक्ति/ प्रशिक्षकबाट शिक्षक/ विद्यालयलाई अनुगमन सहायता एवम् शैक्षणिक परामर्श सम्पन्न हुने पटक (अर्धवार्षिक रूपमा) | | | | | |

*नोट : यो योजना प्रत्येक शिक्षकले ६/६ महिना (बैशाख देखि असोज र कार्तिक देखि चैत्रसम्म) का लागि तयार गर्नुपर्ने र सबै विद्यार्थीले देख्ने गरी आफूले शिक्षण गर्ने कक्षाकोठाको भित्तामा र प्रअ कक्षमा टाँस्ने व्यवस्था मिलाउने ।*

** यो महल योजना कार्यान्वयन भएपश्चात प्रगति जनाउने प्रयोजनलाई भर्नुपर्नेछ ।*

मिति: ...............  ............................ शिक्षकको दस्तखत  ............................ विद्यालयको छाप  ............................ प्र.अ.को दस्तखत

## शिक्षण सुधार योजनाले सिकाइ उपलब्धिमा पारेको प्रभाव

अनुसूची -४ (क)

स्रोत व्यक्तिका लागि बन्द प्रश्नावली

नाम :.......................................................................पद .....................

१. शिक्षकहरु TPD तालिममा सक्रिय सहभागी हुन्छन् ?

क. उत्तम       ख. मध्यम       ग. न्युनतम

२. TPD पश्चात शिक्षकहरुले परियोजना कार्य, घटना अध्ययन र TIP निर्माण गर्दछन् ?

क. सवैले       ख. अधिकांशले       ग. केहीले

३. TIP निर्माण गर्ने शिक्षकहरुको कक्षा शिक्षणको अवलोकन गर्नुभएको छ ?

क. छ       ख. छैन

४. TIP परियोजना कार्य निर्माण गर्ने शिक्षकहरुको कार्य सम्पादन मुल्याङ्कनमा समावेश गर्ने गर्नुभएको छ ?

क. छ       ख. आवश्यक ठानिएको छैन

५. TIP मा उल्लेख भए अनुरुप शिक्षण गर्दा विद्यार्थीको उपलब्धि दरमा वृद्धि भएको छ ?

क. छ       ख. सामान्य       ग. छैन

## शिक्षण सुधार योजनाले सिकाइ उपलब्धिमा पारेको प्रभाव

अनुसूची -४ (ख)

स्रोत व्यक्तिका लागि खुल्ला प्रश्नावली

**नाम** :........................................................................................ **पद**................

१. शिक्षकहरुलाई TPD तालिम प्रदान गर्नुका कारणहरु के के हुन् ?

क. ख.

ग. घ.

२. TPD तालिम पश्चात शिक्षकले निर्माण गर्नुपर्ने परियोजना कार्य TIP र अन्य नगर्नुको कारणहरु के के हुन् ?

क. ख.

ग. घ.

३. TPD तालिम प्राप्त शिक्षकहरुको शिक्षण सिकाई क्रियाकलापको अवस्था कस्तो रहेको छ ?

क.

ख.

ग.

घ.

४. शिक्षकले TIP को निर्माण पश्चात सो अनुसारको शिक्षण गर्दा विद्यार्थीमा कस्तो प्रभाव परेको छ ?

क.

ख.

ग.

घ.

५. TIP मा उल्लेख भएका लक्ष्यहरु पुरा नहुनाका कारणहरु के के हुन् ?

क.

ख.

ग.

घ.

६. TIP मा उल्लेखित लक्ष्यहरु अप्राप्तीमा बाधक समस्याहरुको समाधानका उपायहरु के के हुन् ?

क.

ख.

ग.

घ.

## शिक्षण सुधार योजनाले सिकाइ उपलब्धिमा पारेको प्रभाव

अनुसूची -५ (क)

प्रधानाध्यापकका लागि बन्द प्रश्नावली

**नाम :**....................................... **विद्यालय** .....................................**पद** ..............

१. TPD का लागि शिक्षकको कति उत्साहित छन् ?

क. छन    ख. छैन

२. TPD पश्चात शिक्षकहरुले परियोजना कार्य, घटना अध्ययन र TIP निर्माण गरेका छन् ।

क. छन    ख. छैन    ग. केहीले

३. TIP निर्माण गरेका शिक्षकहरुले अध्यापन गर्ने विषय सिकाइ उपलब्धिको मुल्यांकन गर्नुभएको छ ?

क. छन    ख. छैन

४. TIP निर्माण पश्चात विद्यार्थीको आवधिक मुल्याङ्कन अवस्था कस्तो छ ?

क. उत्तम    ख. सामान्य    ग. निम्न

५. TIP बाट प्राप्त नतिजालाई शिक्षकको कार्य सम्पादन मुल्याङ्कनमा समावेश गर्नुभएको छ ?

क. छ    ख. आवश्यक ठानिएको छैन

## शिक्षण सुधार योजनाले सिकाइ उपलब्धिमा पारेको प्रभाव

अनुसूची -५ (ख)

प्रधानाध्यापकका लागि खुल्ला प्रश्नावली

नाम :.................................... विद्यालय ....................................पद.............

१. तपाईको विद्यालयका प्राय:सबै शिक्षकहरुले TIP निर्माण नगर्नुका कारणहरु के के हुन् ?

क.

ख.

ग.

घ.

२. TPD तालिम प्राप्त शिक्षकहरुले TIP निर्माण गरि शिक्षण गर्न थाले पश्चात विद्यार्थीमा कस्तो प्रभाव परेको छ ?

क.

ख.

ग.

घ.

३. TIP अनुसार विद्यार्थीको सिकाइ उपलब्धि दरमा वृद्धि गर्नुपर्ने कार्यहरु के के हुन् ?

क.

ख.

ग.

घ.

४. TIP अनुसार विद्यार्थीको सिकाइ उपलब्धि दरमा वृद्धि हुन नसक्नुका कारणहरु के के हुन् ?

क.

ख.

ग.

घ.

५. TIP अनुसार विद्यार्थीको सिकाइ उपलब्धि दरमा वृद्धि गर्न कुन कुन उपायहरु अबलम्बन गर्नुपर्दछ ?

क.

ख.

ग.

घ.

## शिक्षण सुधार योजनाले सिकाइ उपलब्धिमा पारेको प्रभाव

अनुसूची -६ (क)

शिक्षकका लागि बन्द प्रश्नावली

**नाम :**................................ **विद्यालय** ....................................**पद** ................

१. TPD पश्चात आफ्नो पेशागत क्षमतामा सहयोग पुगेको छ ?

क. छ  ख. सामान्य  ग. छै न

२. TPD पश्चात TIP निर्माण प्र.अ. को सहयोग कस्तो रह्यो ।

क. राम्रो  ख. सामान्य  ग. छैन

३. TIP अनुसार शिक्षण गर्दा विद्यार्थीको सहभागिता कस्तो रहेका छ ?

क. राम्रो  ख. सामान्य  ग. छैन

४. शिक्षण कार्यमा शैक्षिक सामग्रीको उपलब्धता कस्तो छ ?

क. राम्रो  ख. सामान्य  ग. न्युन

५. TIP मा उल्लेख भएका उपलब्धी हासिल लगभग कतिको भएको छ ?

क. ९०%  ख. ८०%  ग. ६०%  घ. ४०%

६. TIP ले राखेको उपलब्धी हासिल हुन कसको सहयोग उल्लेखनिय छ ?

क. वि.व्य.स.  ख. विद्यालय प्रशासन  ग. अभिभावक  घ. विद्यार्थी

७. विद्यार्थीको मुल्याङ्कनको मुख्य साधन के लाई बनाउनु भएको छ ?

क. परीक्षा  ख. अन्तर्वाता  ग. अवलोकन

# शिक्षण सुधार योजनाले सिकाइ उपलब्धिमा पारेको प्रभाव

अनुसूची -६ (ख)

शिक्षकका लागि खुल्ला प्रश्नावली

**नाम** :................................. **विद्यालय** ...................................**पद** ................

१. तालिम पश्चात शिक्षण कार्यलाई विद्यार्थी केन्द्रित गर्न बाधा पुऱ्याउने तत्वहरु के के हुन् ?

क.

ख.

ग.

घ.

२. TIP अनुसार शिक्षण गर्दा विद्यार्थीमा परेको प्रभाव के के हुन् ?

क.

ख.

ग.

घ.

३. TIP ले निर्दिष्ट गरेको सिकाई उपलब्धी हासिल हुन बाधा पुऱ्याउने तत्वहरु के के हुन् ?

क.

ख.

ग.

घ.

४. TIP को उद्देश्य पुरा नहुनाको कारणहरु के के हुन् ?

क.

ख.

ग.

घ.

५. TIP मा उल्लेखित सिकाइ उपलब्धि बाधक समस्याहरुको समाधानका उपयाहरु के के हुन् ?

क.

ख.

ग.

घ.

## शिक्षण सुधार योजनाले सिकाइ उपलब्धिमा पारेको प्रभाव

अनुसूची -७

विद्यालय व्यवस्थापन समितिका लागि अन्तर्वार्ता प्रश्नावली

नाम :.................................... विद्यालय ....................................पद ................

१. विद्यालयमा शिक्षण कार्य प्रभावकारी बनाउन तपाइले कुन कुन कार्य गर्नुभएको छ ?

क.

ख.

ग.

घ.

२. शिक्षकलाई तालिममा पठाउन कुन कुन कुरामा ध्या पुऱ्याउनु भएको छ ?

क.

ख.

ग.

घ.

३. तालिम प्राप्त शिक्षकले शिक्षणकार्यमा कस्तो कस्तो सुधार गरेको पाउनु भएको छ ?

क.

ख.

ग.

घ.

४. विद्यार्थीको सिकाइ उपलब्धि दरको कस्तो अवस्था रहेको छ ?

क.

ख.

ग.

घ.

५. विद्यार्थीहरुको सिकाइ उपलब्धि दरमा बृद्धि हुन के के कुराले प्रभाव पारेको छ ?

क.

ख.

ग.

घ.

६. सिकाई उपलब्धि दरमा वृद्धि गर्न के के गर्नुपर्छ ?

क.

ख.

ग.

घ.

## शिक्षण सुधार योजनाले सिकाइ उपलब्धिमा पारेको प्रभाव

अनुसूची -८

लक्षित समूह छलफलका निर्देशिका

१. शिक्षकहरूले लिएको तालिमको कक्षा शिक्षणमा प्रयोग ।

२. टिपीडी पश्चात शिक्षकहरूले निर्माण गरेका TIP को कार्यान्वयन अवस्था ।

३. TIP को कार्यान्वयनको प्रभावकारीताको अवस्था ।

४. TIP कार्यान्वयनमा देखा परेका समस्या र TIP को लक्ष्य प्राप्ति नहुनमा बाधक तत्वहरू

५. TIP कार्यान्वयमा देखिएका समस्या एवम वाधक तत्वको समाधानको उपायहरू

## शिक्षण सुधार योजनाले सिकाइ उपलब्धिमा पारेको प्रभाव

अनुसूची -९

| क.सं. | विद्यालयको नाम | भौतिक सुविधहरु | शैक्षिक सामग्रीहरु |
|---|---|---|---|
| १ | श्री जनकल्याण प्रा.वि. वरडाँडा हातिखर्क-५ | क. चारवटा भवन दुईवटा चर्पि, खानेपानी<br>ख) विद्यार्थीको उमेर अनुसारको फर्निचर | अक्षर चार्ट, नक्सा, शब्दपत्ति, ग्लोव शिक्षक निर्देशिका पाठ्यपुस्तकहरु |
| २ | श्री सरस्वती नि.मा.वि. मजुवा परेवादिन -६ | क. पाँचवटा भवन ३ वटा चर्पि, धारा<br>ख) विद्यार्थीलाई पुग्दो फर्निचर | अक्षर चार्ट, नक्सा, शब्दपत्ति, ग्लोव फ्ल्याक्स कार्ड शब्दकोष ए-बाकस चित्र चार्ट वाध्यवाधनहरु |
| ३ | श्री सिंहदेवी मा.वि. आहाले मुर्तिढुङ्गा | क. चारवटा भवन खेलमैदान, ३ वटा चर्पि,<br>ख) विद्यार्थीको आवश्यक फर्निचर उमेर अनुसारको नभएको | अक्षर तस्विर चार्ट, नक्सा, शब्दपत्ति, ग्लोव शब्दकोष ए-बाकस अंक चार्ट वाध्यवाधनहरु |
| ४ | श्री जनाता मा.वि. निगाले मूर्तिढुङ्गा -९ | क. पाँचवटा भवन दुईवटा खेलमैदान ३ वटा चर्पि, खानेपानी<br>ख) आवश्यक फर्निचर | अक्षर एवं तस्विर चार्ट, नक्सा, शब्दपत्ति, ग्लोव शब्दकोष बृहत शब्दकोष विज्ञान प्रयोगका सामग्रीहरु |

स्रोतः विद्यालय अभिलेख